# जनताको काखमा एक्काइस वर्ष



अमृत बोहरा
केन्द्रीय सल्लाहकार परिषद् अध्यक्ष

मेरो जन्म २००६ वैशाख १५ गते पिस्करमा भएको हो। यो गाउँ सिन्धुपाल्चोकको उत्तर–पूर्वी क्षेत्रमा पर्दछ। कुनै बेला यहाँ बीस घर मात्र थिए रे, त्यहीं 'बीस घर' अपभ्रंश भएर पिस्कर भएको भन्ने पूर्खाहरूको कथन छ। हाम्र्रो गाउँ सदियौंदेखिको सामन्ती शोषण, उत्पीडन र अत्याचारबाट ग्रस्त थियो। त्यही खप्न नसकेर हामी कम्युनिस्ट पार्टीमा लागेका हौँ। मेरो पार्टी सदस्यता २०२२ सालको हो। सुरुमा 'मार्क्सवादी अध्ययन समूह', त्यसपछि 'पार्टी सेल', 'एरिया कमिटी' र पछि २०२६ सालमा नेकपाको प्रथम जिल्ला सम्मेलनमार्फत पार्टी जिल्ला कमिटीमा छानिएको थिएँ। त्यसबेला म नेकपा (पुष्पलाल समूह)मा थिएँ।

विद्यार्थी जीवन परित्याग गरेर २०२६ सालबाटै म पार्टीको पूर्णकालीन कार्यकर्ता बनेँ। मेरो औपचारिक अध्ययन दश कक्षा मात्र हो। २०३० को मध्यतिरबाट मलाई सरकारले 'राज्य विप्लव' को आरोपमा कडा पक्राउ पुर्जी काटेपछि म पूर्णरूपमा भूमिगत भएको हुँ। यो क्रम पञ्चायतको अन्त्यसम्म रह्यो।

## पूर्णकालीन बन्ने प्रेरणा

त्यसबेला सबै पार्टी प्रतिबन्धित थिए। शासन व्यवस्था पूर्णरूपमा निरङ्कुश, निर्दलीय र फासिष्ट थियो। पार्टीको सदस्य बनेको वा पार्टी सङ्गठनमा लागेको थाहा पाए कसैले पनि जेल जानु पर्थ्यो या मारिनु पर्थ्यो। त्यस्तो प्रतिकूल र सङ्गीन बेलामा पनि मार्क्सवादी वैचारिक चेतका कारण ग्रामीण किसानहरूका बीच प्रचार, सङ्गठन र सङ्घर्षका कामहरू गर्थ्यौं।

२०२६ सालमा नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलाल (माइला दाइ) सँग भेटघाट गर्न हामी गोप्य रूपमा भारतको दरभङ्गा गएका थियौँ। बनारसमा पार्टीको मुख्य कार्यालय भए पनि दरभङ्गामा उपकार्यालय थियो। पुष्पलालजस्ता पार्टीका उच्च नेतासँग यो हाम्रो पहिलो भेट थियो। त्यतिखेर पूर्व ब्युरोको हैसियतले कमरेड नारायणमान बिजुक्छें (रोहित) पनि हुनुहुन्थ्यो। पुष्पलालले देशको राजनैतिक स्थिति, कम्युनिस्ट आन्दोलनको अवस्था, नेकपामा फुट आउनुका कारण तथा अब कसरी पार्टी निर्माण गर्ने र सामन्ती शोषण तथा अत्याचारविरुद्ध स्थानीय वर्ग सङ्घर्ष, किसान सङ्घर्ष उठाउने भन्ने विषयमा महत्त्वपूर्ण प्रशिक्षण दिनुभयो। उहाँका प्रत्येक कुरा मार्क्सवादी विश्लेषणमाथि आधारित हुन्थे। मेरा मानसपटलमा आज पनि ती कुरा ताजै छन्।

कमरेड पुष्पलाल भन्नुहुन्थ्यो– 'सङ्घर्ष नगरी मुक्ति पाइँदैन। सङ्घर्षका निम्ति बलियो पार्टी चाहिन्छ। पार्टी बनाउन पेसेवर अर्थात् पूर्णकालीन कार्यकर्ताको आवश्यकता पर्छ। तसर्थ, आजको आवश्यकता भनेको पूर्णकालीन कार्यकर्ता उत्पादन गर्नु हो।' छलफलकै प्रसङ्गमा उहाँले हाम्रो पढाइ–लेखाइ, पारिवारिक स्थिति र भावी योजनाबारे पनि सबैसँग पालैपालो सोधपुछ गर्नुभयो।

अन्तिम पालो मेरो आयो। मैले भनेँ– कमरेडका सबै कुरा चित्त बुझ्यो। तर मैले दश कक्षा मात्र पढेको छु। नपढेको मान्छेलाई पार्टीमा हेप्छन् भन्ने सुनेको छु, त्यसैले कम्तीमा कलेजसम्म पढेपछि मात्र पूर्णकालीन बन्ने विचार छ।' उहाँलाई मनैको कुरा सुनाएँ। त्यसपछि उहाँले विभिन्न उदाहरण दिँदै 'पढ्नु हुँदैन भनेर म कसैलाई भन्दिनँ। तर औपचारिक शिक्षामात्र सबथोक होइन। व्यवहार, आन्दोलन र अनुभव पनि अर्को शिक्षा हो। तपाईंले पढेर केही जागिर खानु होला। त्यसबाट परिवारका सदस्यलाई थोरै राहत पनि पुग्ला। तर देशमा बहुसङ्ख्यक जनता अभाव, गरिबी, बेरोजगारी र शोषण–उत्पीडनको जाँतोमा पिसिएर बाँच्न बाध्य छन्। मार्क्सवाद भनेको बौद्धिक मनोरञ्जनको विषय होइन। शोषित पीडित जनतालाई मुक्ति दिने दर्शन पनि हो। एक जना मार्क्सवादी चेत बोकेको कम्युनिस्टको नाताले यसमा हाम्रो ध्यान जानु पर्छ।' त्यसपछि मैले घर–परिवार सबै छोडेर आजकै मितिदेखि पार्टीको पूर्णकालीन हुनेछु र पार्टी काममा जुटिरहने छु भन्ने प्रतिबद्धता जनाएँ। मेरा कुरा सुनेर पुष्पलाल असाध्यै खुसी हुनुभयो।

आफ्नो सिरानीबाट तत्काल 'चिनियाँ क्रान्तिबारे' भन्ने एउटा अङ्ग्रेजी पुस्तक निकाल्दै त्यसका केही महत्त्वपूर्ण हरफहरू नेपाली भाषामा पढेर सुनाउनु भयो।

अनि भन्नुभयो– ‘मैले पनि धेरै पढेको त छैन नि ! मात्र एसएलसी गरेको हुँ। तर म सबै नेपालीलाई अङ्ग्रेजीमा र सबै अङ्ग्रेजीलाई नेपालीमा रूपान्तरण गर्न सक्छु। विश्वप्रसिद्ध कम्युनिस्ट घोषणा–पत्रको पहिलो अनुवाद २००५ सालमा मैले नै गरेको थिएँ। सुरुको भएकाले त्यसको भाषा त्यति चित्तबुझ्दो भएन। तर मिहिनेत र आँट गरेपछि नहुने के छ र ?’ उहाँका यी भनाइहरू मेरा निम्ति सधैँ प्रेरणाका आधार बनिरहे।

**नेकपासँग सम्पर्क छुट्यो**

प्राविधिक कारणले २०२९/३० पछि पुष्पलाल समूहसँग मेरो सम्पर्क टुट्यो। २०२९ मा भएको नेकपाको चौथो सम्मेलनमा जाने मेरो तयारी थियो। सम्पर्क शैली ‘एक व्यक्ति एक सम्पर्क‘ नै थियो। दोलखा र सिन्धुपाल्चोकमा सरकारले चलाएको दमन र धरपकडले त्यो सम्भव भएन। त्यसै बेलादेखि मूल पार्टीसँगको औपचारिक सम्पर्क टुटेको हो। तर हामीले जेजति जानेका थियौँ र गर्न सकिन्थ्यो, त्यसै आधारमा स्थानीय पार्टीलाई क्रियाशील बनाइरह्यौँ, शिथिल हुन दिएनौँ। त्यसबेला दोलखा र सिन्धुपाल्चोक मिलेर भूमिगत रूपमा ‘वर्ग चेतना’ पत्रिका निकालियो, लिथो गरेर। यसका माध्यमद्वारा जनकपुर र वाग्मतीका कैयन् जिल्लामा पार्टी सम्बन्धलाई जीवन्त राख्ने प्रयत्न गऱ्यौँ। जनताबीच इमान्दार भएर काम गर्दै जाँदा कुनै दिन फेरि पार्टीसँग सम्पर्क जोडिन्छ भन्ने हाम्रो विश्वास थियो। त्यसैताका २०२८–२९ मा ‘झापा किसान विद्रोह‘ भएको थियो। यद्यपि, त्यो आन्दोलन उग्रवामपन्थी अतिवादबाट मुक्त भने थिएन। तैपनि त्यसले नेपाली राजनीतिक र नेपाली कम्युनिस्ट आन्दोलनमा एउटा सकारात्मक प्रभाव छोड्दै थियो। म आफू पनि त्यसबाट केही न केही प्रभावित थिएँ।

**सेल्टरको आवश्यकता**

२०२५/२६ देखि नै पञ्चायती निरङ्कुश सरकारको मप्रति अत्यन्त कडा नजर थियो। कता जान्छ, के गर्छ, त्यसको निगरानी गर्थे। ‘पचास रुपैयाँको तमसुक‘ जस्ता प्रगतिशील नाटकहरू गाउँमा प्रदर्शन हुन थालेपछि र किसानहरूले स्थानीय सामन्त, जाली–फटाहाका विरुद्ध सङ्गठित आवाज उठाउन थालेपछि मलाई जिल्ला प्रशासन बोलाएर सोधपुछ गर्न थालेका थिए। २०३० को मध्यतिर मलाई पक्राउ गर्न प्रहरीले एक्कासि घर घेरा हाले। बिहानको समय थियो। घरमा खानतलासी गर्न र किताब, पत्रिका लुट्न खोज्दा प्रतिवाद भयो। त्यतिखेर म घरैमा थिएँ। बुबा उत्तरध्वज बोहरा र भाउजूहरूले प्रहरीलाई घरभित्र पस्नै नदिन धेरै प्रयास गर्नुभयो। दाजुहरू त्यसबेला घरमा हुनुहुन्नथ्यो। ठूला दाइ वीरबहादुर बोहरा गाउँतिर जानुभएको थियो भने अर्का दाइ छत्रबहादुर बोहरा नेपाली सेनामा हुनुहुन्थ्यो। उहाँहरू २०२८ देखि पार्टीका सदस्य

हुनुहुन्थ्यो। पार्टीकै सल्लाहमा सेनाको जागिर छोडेर गाउँमा नै राजनीतिक काममा संलग्न हुने अन्तिम प्रक्रियामा हुनुहुन्थ्यो। मेरी आमा इन्द्रकुमारी बोहराको भने धेरै अघि नै निधन भइसकेको थियो।

महिलाको भेषमा गोठमा गाईबस्तुलाई घाँस पुऱ्याउने बहानामा प्रहरीको आँखा छल्दै म घेरा तोडेर बाहिर निस्कन सफल भएँ। त्यसमा भाउजूहरूको सहयोग थियो। अब कता जाने मलाई ठूलै समस्या पऱ्यो। त्यसपछि नै मलाई भरपर्दो सेल्टर (आश्रय) बनाउनुपर्ने रहेछ भन्ने कुरा पहिलो पटक महसुस भयो।

कसरी भूमिगत बस्नुपर्छ ? भूमिगत शैली, पद्धति कस्तो हुन्छ ? दिसा–पिसाब आए के गर्ने ? कसरी पार्टीको निम्ति सेल्टर हरू तयार गर्नुपर्छ ? त्यसबारे मलाई केही थाहा थिएन। घरबाट निस्कनु अघि तत्काल अब पक्राऊ परेर जेल जाने कि भूमिगत भएर पार्टी बनाउने ? मैले तत्काल एउटा निर्णय गर्नै पर्थ्यो। पार्टी बनाउन पूर्णकालीन कार्यकर्ता चाहिन्छ भन्ने कमरेड पुष्पलालको भनाइलाई सम्झें। अनि आगामी दिनमा जेजस्ता समस्या र चुनौती आए पनि भूमिगत हुने निर्णय गरें।

**गणेश खड्का: पहिलो आश्रयदाता**

घरबाट निस्केपछि सर्वप्रथम म गाउँकै एक जना किसान साथी गणेशबहादुर खड्काको घरमा पुगेँ। उहाँ निम्नमध्यम किसान परिवारको हुनुहुन्थ्यो। प्रहरीले पक्राउ गर्न आएदेखिका सबै कुरा बताउँदै सुरक्षित राख्न आग्रह गरेँ। सुरुमा केही डराउनुभयो र अप्ठ्यारो महसुस गर्नुभयो। मैले उहाँलाई राजनीतिक रूपमा सम्झाएँ। प्रहरी वा कसैले खोजे केही नबताउन भनेँ। उहाँले स्वीकार गर्नुभयो। यसरी आफ्नै गाउँबाट भूमिगत राजनीतिक जीवनको सुरुवात भयो।

केही समयको अन्तरालमा मैले अर्का मिल्ने गरिब किसान साथी जङ्गलाल थामीको घरलाई आश्रय बनाएँ। उहाँको परिवार ज्याला मजदुरीमा चल्दथ्यो। जे हुन्छ, बाँडीचुँडी खायौँ। त्यसपछि मुलाबारीका सन्तबहादुर थामी र शिक्षक लालजङ्ग पाण्डेको घर पनि आश्रयका निम्ति तयार भयो।

आश्रयमा खाने, बस्ने धेरै समस्या थियो। सुरुसुरुमा मलाई साथीहरूले 'पाहुना'का रूपमा लिए। सकेसम्म मिठै दिन खोजे। मैले साथीका रूपमा लिन सम्झाएँ। बिस्तारै सहज भयो। मैले यसरी बस्दा, हिंड्दा आइपर्ने धेरै दुःखकष्ट आफैँ सामना गरेँ। किनकि यो दुःखको बाटो आफैँ रोजेको थिएँ। आश्रयमा रहन थालेपछि घरका बुबा–आमा, परिवार र केटाकेटीहरूबाट गोपनीयता जोगाउने समस्या आए। राजनीतिक रूपमा

सम्झाउनु र दृढ बनाउनुको विकल्प थिएन। नयाँ काम भएकाले उहाँहरू पनि अचम्ममा पर्नुभयो। के खुवाउने ? कहाँ सुताउने ? समस्या थियो। घरमा कोठा हुने कुरा भएन। कति दिन त नखाएर पनि बिताइयो। जे छ– त्यही खाने, जस्तो छ– त्यसैमा सुत्ने, त्यसैमा रमाउने प्रयत्न गरेँ। सुरुसुरुमा टोल, छिमेकीले थाहा पाए। लुकेर हेर्न आए। पुलिसले खोजेको मान्छे। आफैँ सजग भएँ। बिस्तारै सम्झाउँदै साथी बनाउने प्रयत्न भए। सानैदेखि म सामाजिक थिएँ। गाउँमा मानिस वा पशु कोही बिरामी परे औषधि ल्याएर सहयोग गर्थें। कसैलाई मुद्दा–मामिला परे कानुनी सहयोग जुटाइदिन्थेँ। त्यसले गर्दा गाउँमा मलाई सबैले माया गर्थे।

**सेल्टरमा के पढाइयो, के बुझाइयो ?**

सेल्टरमा रहँदा हामीले छरछिमेकी किसानलाई कम्युनिस्ट के हो ? किन सङ्गठित हुनुपर्दछ ? हामीले ल्याउन खोजेको जनवादी राज्य कस्तो हुन्छ ? कम्युनिस्टहरूका जीवनशैली, आचरण कस्ता हुन्छन् ? हाम्रा शत्रु को हुन् ? मित्र को हुन् ? शत्रुविरुद्ध कसरी लड्नुपर्छ ? साथी कसरी बनाउनु पर्छ ? बाटोघाटो, धारा किन सफा राख्नुपर्छ ? सार्वजनिक सम्पत्तिको हिफाजत किन गर्नुपर्छ भन्नेजस्ता अनेकन् व्यावहारिक विषयमा मसिनो गरी सम्झाउँथ्यौँ। यसमा धेरै महिला सहभागी हुन्थे। आवश्यकता अनुसार आश्रयदातालाई पार्टीका कागजपत्र र मार्क्सवादी पुस्तकहरू लुकाउने तरिका पनि बताउँथ्यौँ। त्यसबेला हामीसँग किसानलाई बुझाउन राम्रा–राम्रा चित्रकथा पनि हुन्थे। यी प्रक्रिया नै पछि सङ्गठन निर्माणका राम्रा आधार बने।

**एउटा ऐतिहासिक आश्रय**

दुःखको समय प्रयोग भएको आश्रयको सधैँ सम्झना हुनेरहेछ। म काठमाडौँ रानीपोखरी डिलमा भएको एउटा आश्रयको कुरा कहिल्यै बिर्सिन्नँ।

२०२६ देखि २०२९ तिरको कुरा थियो। काठमाडौँ जमल अगाडि सिन्धुपाल्चोक ठोकर्पाका लोकनाथ दाहाल बस्नुहुन्थ्यो। त्यहाँ नेपाल इन्जिनियर्स एसोसिएसनको कार्यालय थियो। जस्ताले छाएको दुई कोठाको घर। त्यसको एउटा सानो कोठामा लोकनाथ बस्नुहुन्थ्यो र ठूलो कोठामा इन्जिनियरहरूको जमघट हुने, बैठक बस्ने ठाउँ थियो। त्यहाँ टाइपराइटर र लिथो मेसिन पनि थियो। हामी दाहालमार्फत होसियारीपूर्वक पर्चा आदि छाप्न कहिलेकाहीँ त्यसको प्रयोग गर्दथ्यौँ। लोकनाथ त्यस कार्यालयका सहयोगी हुनुहुन्थ्यो।

दाहाल अत्यन्त सहयोगी साथी हुनुहुन्थ्यो । त्यहाँ जयराम शर्मा, शङ्कर नेपाल, इन्दुलाल श्रेष्ठ, म र काभ्रेतिरका अरु केही साथी मात्र जाने गर्थ्यौं । कुनैकुनै बेला वाग्मती ब्युरोको बैठक पनि बस्थ्यो । एउटै गाउँका भएकाले मोहन कोइराला त्यहाँ आइरहनु हुन्थ्यो ।

आश्रयमा धेरै भाँडाकुँडा, ओढ्ने, ओछ्याउने हुँदैनथ्यो । जेजति छ, बाँडीचुँडी खाने र प्रयोग गर्ने गर्थ्यौं । थाल नपुग्दा पालैपालो खाने गर्दथ्यौँ । सुत्न एउटा खाट थियो । तलमाथि गरेर दुःखले रात कटाउँथ्यौँ । त्यही कोठामा हाम्रो भेटघाट र कहिलेकाहीँ सानातिना बैठकसमेत हुन्थे । त्यहाँ चिठीपत्र र पार्टी दस्ताबेजहरू पनि राख्थ्यौँ । इन्जिनियरहरू आउने ठाउँ भएकाले त्यहाँ प्रहरी प्रशासनको आँखा जाँदैनथ्यो । त्यस्तै कहिलेकाहीँ आउने जाने ठाउँमध्ये जैसीदेवल र चाबहिलमा श्यामदास श्रेष्ठ र रामदास श्रेष्ठको घर पनि थियो । यसैगरी काठमाडौँ वसन्तपुरमा गोविन्दलाल प्रधानाङ्गको कोठा, ठिमी बोडेमा पूर्णवालाको घर, ठिमीकै कैलाशभक्त प्रधानाङ्गको घर, बनेपा श्रीखण्डपुरको पूर्ण श्रेष्ठ, साँगाको माधव प्रधानको घर, आशाकाजी वैद्यको घर र बनेपाको केदारनाथ प्रधानको घरसमेत गाह्रो–अप्ठ्यारो पर्दा आश्रयका रूपमा प्रयोग गर्दथ्यौँ । सुरु अवस्थाका आश्रय भएकाले यिनको विशेष महत्त्व रहेको छ ।

**छुरी भित्तामा गाडियो**

२०२८ साल फागुनको कुरा हो । सिन्धुपाल्चोकको बाह्रबिसेमा उद्दण्ड पञ्चको एउटा जत्थाले ठूलो उत्पात मच्चाए । बजारमा आएका जोकोहीलाई समात्दै राजा महेन्द्रको शोक मनाउन 'कपाल खौरन' बाध्य पारे । हामीले त्यो ज्यादतीको विरोध गर्‍यौँ । विरोध गर्नेलाई कुटपिट भयो । प्रतिवाद नगरेको भए स्थानीय शारदा माध्यमिक विद्यालयका सम्पूर्ण विद्यार्थीलाई 'मुडुलो' बनाउन सफल हुन्थे । एकदिन राती बाह्रबिसेमा तिनै उद्दण्ड जत्थाले रामेछापका जिल्ला सभापति प्रेमबहादुर कार्कीको पेस्तोल खोसेर मलाई हान्न खोजे । तर कार्कीले चलाखीपूर्वक बचाए । राजनीतिक कुरा नमिले पनि उनीसँग मेरो नजिकको सामाजिक सम्बन्ध थियो ।

एक रात त्यही ज्यादतीका विषयमा छलफल गर्न शुभचिन्तक साहू गयाराज/प्रयागराज श्रेष्ठको घरमा भेला भएका थियौँ । त्यहाँ जयराम शर्मा, शङ्कर नेपाल, इन्द्रलाल श्रेष्ठ, पुण्यबहादुर राउत, रमेशबहादुर श्रेष्ठ, गणेशबहादुर श्रेष्ठ, ताराबहादुर लामा थिए । धेरै अघिदेखि नै त्यस घरका एक जना भाइले मार्क्स, लेनिन र माओका फोटोहरू भित्तामा राखेका थिए । त्यो देखेर तिनीहरूलाई पहिलादेखि नै रिस उठेको रहेछ । तिनै उद्दण्ड जत्थाले फोटोकै निहुँमा एक्कासि हामीमाथि आक्रमण गरे । मैन्टोल फुटाए ।

लामो तरबार, छुरीले ममाथि ताकेर आक्रमण गरे। म संयोगले जोगिएँ। जोगाउन आश्रयदाताको ठूलो योगदान रह्यो। बजारका मान्छे भेला भएर प्रतिवाद गरे। तर छुरी भित्ताको काठमा चार इन्च गहिरो गरी रोपिन पुग्यो। छुरीको दाग आश्रयदाताले पछिसम्म देखाउँदै हुनुहुन्थ्यो। यदि उहाँहरूको सक्रिय सहयोग नभएको भए हामी ठूलै दुर्घटनामा पर्न सक्थ्यौँ।

**महिलाको भेषमा प्रहरीलाई छक्काइयो**

२०३२ को कुरा हुनुपर्छ। म पिस्करमा कमरेड लालजङ्ग पाण्डेको घरमा थिएँ। उहाँको आमा मेरो मामाकी छोरी पर्नुहुन्थ्यो। लालजङ्गका बाबुबाजे गाउँका शोषक फटाहामा गनिन्थे। उनीहरू कुराथलीमा छुट्टै बस्थे। लालजङ्ग र उहाँको आमालाई हेलाहोचो गर्थे।

एकदिन बिहान सात/आठ बजेतिर तोपाडाँडा चौतारीमा एक जत्था प्रहरी हातहतियारसहित देखा परे। चौतारीछेउमा शुक्रमान र माइला थामीका दुईवटा साना चिया पसल थिए। त्यो परिवार राजनीतिक रूपमा सचेत थियो। पसलबाट थोरै तल लालजङ्ग पाण्डेको घर थियो। पसलमा आएर प्रहरीले लालजङ्गको घर कुन हो भनेर सोधेछन्। साथीहरूलाई म त्यहाँ भएको जानकारी थियो। धेरै समस्या परेछ। अपर्झट उहाँहरूले उपाय खोज्नु भएछ। पुसको जाडो थियो। प्रहरीहरू जाडोले सिउसिउ गर्दै रहेछन्। 'तपाईंहरू भित्र आउनूस्, जाडो छ, एक–एक कप चिया पिएर जानुहोस्।' धेरै कर गरेपछि प्रहरीले मानेछन्। उहाँहरूले बिस्तारै चिया पकाउन थाल्नुभएछ। यत्तिकैमा पसलकी माइली थामी पानी लिने निहुँमा डोकोमा गाग्री हालेर तलतिर आउनु भयो। उहाँबाट लालजङ्गको घरमा सबै कुरा थाहा भयो। बाह्रबिसे थानाका सई चन्द्रबहादुर बस्नेत उग्र कम्युनिस्ट विरोधी थिए। हातमा पेस्तोल बोकेर एकैछिन नचाएछन् र पसलेलाई तर्साएछन्। उनीहरूले यसपटक अमृत बोहरालाई जसरी पनि पक्रेर लाने भन्दा रहेछन्।

मैले कागजपत्रका झोला घरबाहिर पठाएँ। महिलाको सारी बेरैँ, टाउकोमा मुजेत्रो गुथेँ। थुन्चेमा तीन/चार मुठा कोदोको नल हालेर छेवैको अर्को घरमा पुगेँ। परिस्थिति हेरेँ। प्रहरीहरू कोहीभित्र कोही बाहिर चिया खाँदै थिए। उनीहरूले केही भेउ पाएनन्। नजिकै अर्को टोलमा आलुमान थामी भन्ने साथीको घरमा पुगेँ। उहाँले मलाई परालको माचमा लुकाउनुभयो।

चिया खाएपछि प्रहरीहरू लालजङ्गको घरमा झरे। घर पूरै खानतलासी गरे। धानको भकारी र मकैको कुन्यु भताभुङ्ग पारे। लालजङ्ग र आमालाई उग्रवादीलाई कता लुकाइस् भनेर अश्लील शब्दमा गाली गर्दै लछार–पछार पारे। उहाँहरूले प्रतिवाद गर्नुभयो। केही नपाएपछि सईले आँगनमा पेस्तोलबाट एक राउन्ड गोली पड्काए। त्यसअघि तिनीहरू हाम्रो घर पुगेर आएका रहेछन्। प्रहरीहरू गाउँका मानिसलाई आतङ्कित पार्दै फटाहाका घरतिर लागे। म गाउँमा साथीहरूको जुक्ति बुद्धिले सुरक्षित भएँ। त्यसबेला यसरी नै साथीहरूले पार्टी कार्यकर्तालाई जोगाउँथे। यो घटनाले साथीहरूको मनोबल उठायो। यस्ता धेरै कथालाई पार्टीले खोजेर अभिलेखीकरण गर्नु जरुरी छ। अन्यथा जनवीरहरूका इतिहास छायामा पर्नेछन्।

## वीरगन्जमा झण्डै गिरफ्तार

अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को–अर्डिनेसन केन्द्र (माले) भर्खरै बनेको थियो। हामी पार्टीलाई कसरी देशका विभिन्न भागमा फैलाउने ? केन्द्रका आठै जना साथीहरू त्यसैमा केन्द्रित थियौँ र आफूसक्दो प्रयत्न गर्ने निर्णय गरेका थियौँ।

म र केदार न्यौपाने बाराको पडेरी गाउँबाट वीरगन्ज पुग्यौँ। त्यसबेला केदार भूमिगत भइसक्नु भएको थियो। हामी मुकुन्द न्यौपानेसँग भेटेर फर्केका थियौँ। वीरगन्जको श्रीपुर नजिक एउटा श्रेष्ठ दिदीको चिया पसल रहेछ। त्यो पार्टीको गुप्त सम्पर्क बिन्दु थियो। उनकी इन्दु नामकी चलाख छोरी रहिछन्। उनैले त्यहाँबाट केही पूर्व बिर्ता भन्ने ठाउँमा मदन ढुङ्गेल र पवन मुडभरीको कोठामा पुऱ्याइन्। कोठामा अर्का विद्यार्थी नारायण पराजुली पनि थिए।

म त्यहाँ एकरात बसेँ। अर्को दिन भैरहवातिर लागेँ। यो २०३२ चैत १२ गतेको कुरा हो। दुई दिनपछि फर्केर आउँछु अनि समग्र कुरा गरौँला भनिएको थियो। भैरहवामा लुम्बिनीका केही वामपन्थी साथीहरूसँग कुराकानी थियो। संयोग, कुरा केही लम्बिएकाले दुई दिन होइन, तीन दिनपछि मात्र वीरगन्ज फर्के।

अरु साथीहरूले मलाई श्याम मात्र भनेर चिन्थे। तर पराजुलीले भने अमृत बोहरा नै भनेर चिन्थे। उनका बुबा मुनिर सिन्धुपाल्चोकको बाह्रबिसेमा वन अधिकृत हुँदा केही वर्ष पहिला मैले भेटेको थिएँ। त्यसबेला म खुल्लै थिएँ। मेराबारे अरु कसैलाई नभन्नु भनेर सम्झाइयो। उनी धेरै खुसी देखिए र भने 'म दाइजस्ता मान्छे भएको राम्रै पार्टीमा आएछु।' तर उनी प्रशासनसँग सम्पर्क भएको संदिग्ध मान्छे रहेछन्। त्यो कसैलाई थाहा भएन।

म आउने भनेको ठीक दुई दिनका दिन अर्थात् चैत १४ गते राती एक बजे कोठामा छापा मारियो। केदार न्यौपाने, पवन मुडभरी र मदन ढुङ्गेललाई पार्टीका केही दस्तावेजसहित पक्राउ गरियो। १४ गते साँझै मदन ढुङ्गेललाई रामचन्द्र ठाकुर भन्ने व्यक्तिले त्यस कोठामा कोही नबस्नु, प्रहरीले छापा मार्दैछ भन्ने खबर पुऱ्याएका रहेछन्। तर पत्याउनु भएनछ। त्यसबेलाको जोश चर्कै थियो। भाग्दा 'डरपोक र पलायनवादी' भइन्छ भन्ने चिन्ताले कोठामा नै बस्नुभएछ। राती घटना घट्यो।

म पश्चिमबाट १५ गते साँझ त्यहाँ पुगेँ। सबैतिर शङ्कास्पद मानिसहरू मात्र देखेँ। परैबाट कोठा अँध्यारो देखियो। मैले केही न केही अनिष्ट भएछ भन्ने अनुमान गरेँ। म परैबाट गल्लीहरू हुँदै छलिएँ। मूल सडकमा आएँ। भूमिगत मान्छे भएकाले हामीहरू बाटो हिँड्दा, आश्रयमा पस्दा वा गाडीमा चढ्दा सावधानी राखेर हिँड्ने गर्थ्यौं। श्रीपुर आएर एउटा सामान्य लजमा बास बसेँ। मलाई प्रहरीले पिछा गर्न सकेनन्। भोलि बिहानै चार बजे ट्रक चढेर काठमाडौँ फर्कें र जोगिन सफल भएँ।

प्रहरी कस्टडीमा केदारहरूलाई 'तेरा नेताहरू को को हुन् ? कहाँ कहाँ बस्छन् ? दस्तावेजहरू कहाँबाट ल्याइस् ?' भन्दै तीन महिनासम्म निर्मम यातना दिए। एकपटक यतिसम्म कुटपिट गरिएछ कि बाँच्ने आशासम्म मरेछ। तर कुनै कुरा खुलाउनु भएन। अन्त्यमा उहाँहरू तीनै जनालाई 'राजकाज अपराध' मुद्दामा तीन वर्ष जेल हालियो। यसरी कहिलेकाहीँ ठीक आश्रय नपर्दा, आश्रयमा गलत मान्छे प्रवेश गर्दा र आएका सूचनाको विश्लेषण नगर्दा गम्भीर घटनासमेत हुँदा रहेछन्। वीरगन्ज घटनाबाट हामीले यही शिक्षा पायौँ।

**चिहानडाँडामा सेल्टर**

यो २०३२/३३ तिरको कुरा हो। एकाएक पिस्करमा प्रहरी दमन तीव्र भयो। शङ्का लागेका प्रत्येक घरमा छापा मारियो। मलाई गाउँमा टिक्न अप्ठ्यारो हुँदै आयो। हामीले साथीहरूसँग बसेर उपाय खोज्यौँ। हाम्रो गाउँमा थामी समुदायको मृत्यु संस्कार गर्ने मसानघाट गाउँबाट केही पर डाँडामा बनाउने चलन छ।

भिरकुनाको 'चिच्या आप्यो' भन्ने एउटा एकान्त ठाउँ छ। त्यो मान्छे मर्दा जलाउने वा दफनाउने चिहान डाँडा हो। थामी भाषामा 'चिच्या आप्यो'लाई अग्लो डाँडामुनिको ओडार भनिन्छ। २०७२ को भूकम्पले दुईमध्ये एउटा डाँडा भत्काएकाले त्यो अहिले देख्न पाइन्न। तर चिहानडाँडा भने छ। त्यो ठाउँ वनजङ्गलले ढाकिएको तलमाथि कतैबाट नदेखिने ढिस्कोमा अवस्थित छ। त्यस ठाउँमा भूतप्रेत र मसान हुन्छ भन्ने

अन्धविश्वासले कोही जाँदैनन् । त्यसैले दिनभरका निम्ति त्यसलाई अस्थायी आश्रय बनाउने निर्णय भयो । गाउँमा रातीसम्म पनि खोजीनीति चल्दा रातभरि पनि बस्नु पर्थ्यो ।

म आफू भौतिकवादी मान्छे भएकाले कुनै डर लाग्दैनथ्यो । तर साथीहरू भने डराउनु हुन्थ्यो । मैले करिब सात/आठ दिन त्यस चिहानमा बसेर सुरक्षित भएँ । राती स्थिति हेरी दस/एघार बजे गाउँमा फर्कने र बिहान तीन/चार बजे त्यहाँ पुग्ने गरिन्थ्यो । पानी बाँसको ढुङ्ग्रोमा लगिन्थ्यो । घाँस–दाउरा गर्ने निहुँमा महिलाहरूले पालैपालो खाना ल्याई दिनुहुन्थ्यो । त्यो पनि कुनै दिन आउँदैनथ्यो, भोकै बस्नु पर्थ्यो । जनसम्पर्कबाट अलग्गिएर बस्नु हाम्रो नीतिसँग मेल खाँदैनथ्यो । तैपनि, जनताकै सल्लाहमा परिस्थितिले ल्याएको बाध्यता थियो त्यो ।

**चना उसिनेर दिन्छु, त्यही खाऊ**

हामी २०३३/३४ तिर सिरहाको विष्णुपुरतिर गइरहन्थ्यौँ । त्यहाँ कमरेड मणिलाल राईको घर थियो । राई को–अर्डिनेसन केन्द्रको सदस्य हुनुहुन्थ्यो । उहाँको आमा साथीहरूलाई धेरै माया गर्ने तर असाध्यै कडा स्वभावकी हुनुहुन्थ्यो । हामीलाई उहाँको घरमा पुग्दा भन्नु हुन्थ्यो– 'ए केटा कामरेडहरू नरिसाऊ है, म त राईको छोरी, काम बिगार्‍यौ भने त कुट्न बेर लाउँदिनँ नि !'

'हामी त गरिब मान्छे ! मणिलाल जागिर नखाई पार्टीमा लाग्यो । रोक्ने कुरा भएन । गरिबलाई धनी बनाउँछौँ भन्छन् । म बुढी कमाउन सक्दिनँ । कहाँ–कहाँबाट आएका हौ ? घर, नाम सोध्नु पनि भएन । लुकेर हिँड्ने मान्छेहरू । घर परिवार त हुनेखाने नै थिए होला । दुःखको बाटो रोज्यौ ।' हामी चैत–वैशाखतिर त्यहाँ पुगेका थियौँ । मणिलाल घरमा हुनुहुन्नथ्यो । घरमा चामल केही रहेनछ । 'बारीमा हरियो चना छ । उसिनेर दिन्छु, त्यही खाऊ । मिठो रोज्ने भए पञ्चे हुन्थ्यौ होला । गरिबको पार्टीमा लागेछौ । अब नुन–खोर्सानी र चना खाएर बस ।' त्यति भन्दै आमा चना उखेल्न बारीतिर जानुभयो । उहाँको शरीरमा राम्रो लुगा पनि थिएन । आमा धेरै कडा तर व्यवहार धेरै असल थियो । भनाइ खस्रो, रुखो जे भए पनि मन असाध्यै सफा लाग्थ्यो । उहाँको यो बानी म कहिल्यै बिर्सन्नँ ।

त्यो घर पार्टीका सबै पुग्ने घर रहेछ । साथीहरूको भोक, तिर्खा बुझ्नु हुन्थ्यो । भाइहरू राम्रा थिए । त्यतिखेर विष्णुपुर गाउँ आर्थिक रूपमा पछि परेको लाग्थ्यो । कहिलेकाहीँ हरि पोख्रेल (नरेन्द्र) कोमा जान्थ्यौँ । मणिलालको घरमा प्रहरी निगरानी पनि

हुन्थ्यो । गाउँका दलालहरूले देखे प्रहरीकहाँ रिपोर्ट दिन गइहाल्थे । त्यसैले आमालाई दुःख दिएर पनि हामी भित्र बस्न बाध्य हुन्थ्यौँ ।

## सातु बैठक

२०३२ जेठ २४–२५ गते विराटनगरमा हामीले को–अर्डिनेसन केन्द्र निर्माण गऱ्यौँ । एक वर्ष पनि राम्ररी काम गर्न नपाउँदै सीपी मैनाली झापाबाट, माधव नेपाल धनुषाबाट, रामचन्द्र यादव मोरङबाट र गोविन्द न्यौपाने झापाबाट गिरफ्तारीमा पर्नुभयो । भर्खर बनेको सङ्गठनलाई गम्भीर धक्का लाग्यो ।

प्रतिकूलतालाई चिर्दै नयाँ क्रान्तिकारी पार्टी बनाउने क्रममा २०३३ साल असोजमा सप्तरीको शिशुवारी गाउँमा पार्टीको बैठक बस्यो । जेएन खनाल पार्टीका महासचिव हुनुहुन्थ्यो । त्यो बैठक किसान कमरेड नारायण राना मगरको घरमा भएको थियो । उहाँको आर्थिक स्थिति सामान्य भए पनि पार्टी भावना राम्रो थियो । त्यसै बैठकबाट कमरेड ईश्वर पोखरेल को–अर्डिनेसन केन्द्रमा थपिनु भएको थियो । बैठक ३ दिनका लागि राखिएको थियो । तर पुराना अन्तरविरोध लगायत आत्मालोचनाको प्रसङ्ग आएकाले छलफल १० ।११ दिनसम्म लम्बियो । खानपिनको बन्दोबस्तीमा समस्या देखापऱ्यो । तर आश्रयदाताले 'हामी जे–जे खान्छौँ, कमरेडहरूलाई पनि त्यही–त्यही दिन्छौँ । तपाईंहरूले आफ्नो कार्य सम्पन्न गर्नूस्' भनेर आश्वस्त पार्नुभयो । हामीले अधिकांश दिन केबल मकैको सातु खाएर बैठक सम्पन्न गऱ्यौँ । सातु मात्र खाएर चलेको बैठक हुनाले त्यसलाई 'सातु बैठक' पनि भनियो । यो व्यङ्ग्य थियो र त्यतिबेलाको हाम्रो यथार्थ झल्काउने अविस्मरणीय घटना पनि ।

## 'अमृत बोहरा'सँग परिचय

भूमिगत कालका अनेकौँ रोचक प्रसङ्ग छन् । यो २०३३ सालको कुरा हो । म त्यसबेला को–अर्डिनेसन केन्द्रको कार्यवाहक महासचिव पनि थिएँ । काठमाडौँमा हाम्रा सम्पर्क सम्बन्ध सामान्य थिए । बस्न, खान र बैठक गर्न धेरै दुःख थिए ।

नेतृत्वका कमरेडहरू प्रायः जेलमा हुनुहुन्थ्यो । त्यसबेला 'नख्खु जेल ब्रेक'को तीव्र तयारीको बेला थियो । जुनसुकै ठाउँमा बसेर जेलमा पत्राचार गर्ने काम हुन सक्दैनथ्यो, अलि भरपर्दो ठाउँ चाहिन्थ्यो । त्यसैले यट्खास्थित विद्यार्थी गुणलक्ष्मी र भाइ थिरबहादुर विश्वकर्माको कोठा छानेका थियौँ । उहाँहरूसँग दोलखादेखि नै पार्टीको पुरानो सम्पर्क थियो ।

कहिले किताबमा अदृश्य मसी प्रयोग गरेर, कहिले माछामासुमा त कहिले थर्मसमा लुकाएर हामी जेलमा पत्राचार वा सूचना पठाउँथ्यौँ। केही चलाखी र उपाय पनि खोज्न सक्ने भएकाले राजेन्द्र पाण्डेलाई जेल सम्पर्कमा पठाइन्थ्यो। त्यसबेला उहाँको नाम किशोर र मेरो नाम श्याम थियो। कमरेड राजेन्द्रले मलाई प्रायः भेटैपिच्छे 'अमृत बोहरा'का बारेमा विभिन्न कथा–उपकथाहरू सुनाउनु हुन्थ्यो। म चुपचाप सुनिमात्र रहन्थेँ। परिचय नखुलोस् भनेर कुनै प्रतिक्रिया दिइँदैनथियो। बजारतिर त्यतिखेर मेराबारे अनेकौँ प्रचार हुँदा रहेछन्। 'लट्टाधारी, कपाल र दाह्री पालेको, जोगीको भेषमा हिँड्ने, कहिले भरियाका रूपमा, कहिले सुट–टाई लाएर धनाढ्य मान्छे जसरी हिँड्छन्। त्यसैले प्रहरीले कहिल्यै पक्रन सक्तैन रे !' त्यसबेला भूमिगत काम गर्ने मान्छेका बारेमा यस्तै कुरा हुन्थ्यो। यस्तै कुरा गर्दै राजेन्द्र पाण्डेले एक दिन मसँग अमृत बोहरासँग मलाई भेट गराउने कुरा गर्नु हुन्थ्यो।

जेलमा पठाउने सामग्री तयार गर्ने क्रममा हामी गुणलक्ष्मीको कोठामा थियौँ। अरु मान्छे नआऊन् भनेर दिदी–भाइलाई घरबाहिर राखेका थियौँ। उहाँहरू हामीलाई खुवाउन पाउरोटी किन्न पसलतिर जानु भएछ। यत्तिकैमा कमरेड गोपाल थपलिया अचानक कोठामा झ्याप्पै पस्नुभयो। उहाँ पूर्व परिचित साथी हुनुहुन्थ्यो। धेरै वर्षपछि मलाई देखेर होला 'अहो अमृत कमरेड' भन्दै अँगालो हाल्नुभयो। राजेन्द्र एकछिन चकित पर्नुभयो। उहाँलाई कताकता अप्ठ्यारो र लाज भएजस्तो देखियो। मैले परिस्थितिलाई सामान्य बनाएँ। गोपाल थपलिया विद्यार्थी शैलीको अलि हल्लाखोरे हुनुहुन्थ्यो। बाहिर कसैलाई नभन्नू भनेँ। म सरकारको कडा खोजीको सूचीमा थिएँ। यसरी 'अमृत बोहरा'सँग अमृत बोहराकै परिचय भयो। एकअर्कालाई देख्दा पछिसम्म पनि यो प्रसङ्ग सम्झेर हाँस्थ्यौँ।

### आधा रोटी पेटमा, आधा रोटी पोल्टामा

भूमिगतकालमा पार्टीका नेता–कार्यकर्ताहरू के खान्थे, कसरी बस्थे भन्ने कुराको एउटा सानो उदाहरण २०६१ जेठ २६ मा प्रकाशित 'दृष्टि साप्ताहिक'को अध्ययनबाट पनि धेरै कुरा बुझ्न सकिन्छ। त्यतिखेर पिस्करमा म, अष्टलक्ष्मी शाक्य, माधव पौडेलहरू भूमिगत काम गर्थ्यौं। पिस्कर नेकपादेखिकै पुरानो आधारभूमि हो। यहाँका किसान जनताले सामन्ती शोषण र अत्याचारविरुद्ध अनेकौँ सङ्घर्ष गरेका छन्। एउटा लामो पृष्ठभूमिसहित पत्रिकामा लेखिएको थियो– 'समय ३० को दशकको भूमिगतकाल थियो। चरम गरिबीमा बाँचेका थिए गाउँलेहरू। सामन्तको थिचोमिचोबाट पिल्सिएका गाउँलेहरू दिनभर सामन्तको खेतमा काम गरेबापत पाउने खाजा (रोटी) आधाजति

पोल्टामा घुसार्थे र साँझमा ल्याएर दिन्थे । भूमिगत बसेका आस्थाका मुक्तिकामीहरूलाई । त्यसो त दिनभरको कडा परिश्रमका कारण ती बस्तुहरू पोल्टामै पसिनाले निथ्रुक्क भिजेका हुन्थे । साधारण नाकले सुँघ्दा तिनमा सुगन्धभन्दा दुर्गन्ध बढी हुन्थ्यो । तर त्यो काटिएको गाँस थियो । स्नेहले भरिएको । तसर्थ त्यो मिठो हुन्थ्यो ।'

पिस्कर आन्दोलन यस्तै गरिबी र ज्यादतीविरुद्धको विद्रोह थियो। २०४० को पिस्कर हत्याकाण्डपछि फासिस्ट सरकारले यस क्षेत्रका १७ गाउँलाई 'उग्रवादी क्षेत्र' भनेर निर्मम दमन गऱ्यो । माघे सङ्क्रान्तिका बेला जनसांस्कृतिक कार्यक्रममा अन्धाधुन्ध ९०० राउण्डभन्दा धेरै गोली चलाए। किसान योद्धा इली थामी र वीरबहादुर थामीको बर्बर हत्या गरे। गोली लागेर घाइते भएका जगतबहादुर बोहरा, पाल्कामाया थामी लगायत ९ जनालाई पक्राउ गरेर रगत चुहाउँदै काठमाडौँमा जेल हाले । उग्रवादी काममा लागेको आरोपमा ६० जनालाई 'राजकाज' र 'राज्य विप्लव'को मुद्दामा जेल यातना दिइयो । चोरी, डकैती, आगजनी, खरखजाना आरोपमा १ सय ५० भन्दा धेरैलाई मुद्दा लगाइयो। यतिसम्म कि पञ्चायती कानुनबमोजिम निर्वाचित जनपक्षीय प्रधानपञ्च छत्रबहादुर बोहरालाई पदबाट बर्खास्त गरी ५ वर्ष जेल सजाय दिए । तर जनताले हरेस खाएनन् । पार्टी र आन्दोलनको काममा निरन्तर डटी रहे ।

बीसको दशकतिर सिन्धुपाल्चोकका विभिन्न गाउँमा हाम्रो पार्टी काम व्यापक हुँदै थियो। तर २०२८/२९ पछि पार्टी जिल्ला कमिटीमा आएको विवाद र फुटका कारण सङ्गठनहरू कमजोर बन्न पुगे । को–अर्डिनेशन कमिटीको निर्माणपछि अत्यन्त गुप्त रूपमा सङ्गठन निर्माणको प्रक्रिया अघि बढाउन थालियो। २०४० तिर आइपुग्दा नेकपा (माले)को सङ्गठन धेरै विकास भएको थियो । त्यसबेला चोकटीदेखि सिक्रेसम्म र राम्चेदेखि टेकानपुरसम्म हाम्रा सम्पर्क–सम्बन्ध बढेका थिए । जेलनेल लगायत अनेकौँ दमनको प्रतिवाद गर्दै बलिया सेल्टरहरू बनिरहेका थिए। मुलाबारीका सन्तबहादुर थामीको घर, पिस्करका पूर्ण थामी, धनमान थामी, मसली र आमा चिनिमायाँ थामी, चतुरमान थामी, वीरबहादुर थामी, बिर्खमाया थामी, बोझोघारीका नकमाया थामी, आइतमाया थामी, चकचुम्बाको तारा (सानो)थामी, पिस्करकै वीरबहादुर बोहरा, छत्रबहादुर बोहराको घर, टेकानपुरका जगतबहादुर बोहरा, कर्णकुमारी बोहरा, विष्णु बोहरा, धुस्कुनका राम कार्कीको घर, पाग्रेटारका प्रीतम कार्की, कापिङका लालकान्त र एविन्द्र न्यौपानेको घर, जेठल ओख्रेनीका तिलक भण्डारी, आमा विष्णुमाया भण्डारी र हजुरआमा देवमाया भण्डारी, पेटूकुमा स्वीस परियोजना पाखरमा काम गर्ने काशीनाथ अधिकारीको कोठा लगायत धेरै कमरेडहरूको घर र कोठा प्रतिकूलताका बेला हाम्रो आश्रय थिए । हामी यिनै सम्पर्क र आश्रयबाट पार्टी काम गर्थ्यौं ।

**बैठक स्थल प्रहरीको घेरामा**

हामी को–अर्डिनेसन केन्द्रलाई विस्तार गर्ने अभियानमा थियौँ। नेकपा (पुष्पलाल) समूहबाट आएको मुक्ति मोर्चा समूहसँग भर्खरै एकता भएको थियो। यसै सन्दर्भमा २०३५ साउन ४–९ मा धनुषाको मुडिवा अर्थात् ठेरा कचुरीको एउटा भूमिहीन किसान बस्तीमा को–अर्डिनेसन केन्द्रको विस्तारित बैठक भइरहेको थियो। त्यही बैठकबाट कमरेडहरू मदन भण्डारी, जीवराज आश्रित, मोदनाथ प्रश्रित यसमा थपिनु भएको हो। वामदेव गौतम एकता वार्तामा हुनुहुन्थ्यो, तर त्यतिखेर जेलमा भएकाले आउन सक्नुभएन। त्यही बैठकबाट 'वर्ग शत्रु खत्तम'को नीतिमा पुनर्विचारको थालनी गरेका थियौँ।

बैठकको सुरक्षाका लागि महिलाहरूसहितका किसानका टोलीहरू घाँस काट्ने, माछा मार्ने, खेत रोप्ने बहानामा चारैतिर निगरानीमा बसेका थिए। कुनै शङ्कास्पद कुराहरू भए तत्काल सूचना आइहाल्थ्यो। उहाँहरूलाई शत्रुसँग लड्ने तालिमसमेत दिइएको थियो। त्यसमा चुल्हाई महरा, जीवच्छ महरा, चन्द्रदेव महरा, कामेश्वर यादव, कैलू यादव आदिको अगुवाइ थियो।

एकदिन बिहान बैठक चलिरहेकै समय स्थानीय जमिन्दारहरूसहित हतियारधारी प्रहरीको ठूलो जत्था गाउँमा पसेको सूचना आयो। सबै किसान छापामार शैलीमा चारैतिर आफूसँग भएका हतियार लिएर भेला भए। हामी सतर्क भयौँ। आवश्यक पर्दा तीन/चार ग्रुप बनाएर घेरा तोडी चारैतिर लाग्ने सल्लाह गर्‍यौँ। बैठकका सबै कुरा बिथोलियो। प्रहरीहरू नजिक आइरहेका थिए। परिस्थिति गम्भीर र भयावह बन्दै थियो। यस्तो परिस्थितिमा पनि क्रान्तिकारी किसानहरू नआत्तिई हामीलाई 'कमरेडहरू तपाईंहरू ढुक्क भएर आफ्नो बैठक गर्नोस्। हामीले भिडेर सकेनौँ भने मात्र तपाईंहरू घेरा तोडेर बाहिर निस्कने विषयमा सोच्नुहोला' भनेर हामीलाई ढुक्क बनाएको प्रसङ्ग कहिल्यै बिर्सन सक्दिनँ। पार्टीप्रति जनताको त्यति ठूलो विश्वास थियो। संयोगवश प्रहरी अर्को गाउँतर्फ मोडिए। त्यहाँको जमिन्दारका घरमा भेला भएर खसी काट्दै खाना खाने तयारीमा लागे। हाम्रा इमान्दार छापामारहरूले अनेकौँ बहाना गर्दै नजिकबाट बुझेर तथ्य सूचना ल्याए। हामी ढुक्क भयौँ। तिनीहरू अरु कुनै 'केश' को निम्ति आएका रहेछन्। यसरी ठूलो सम्भावित दुर्घटनाबाट स्थानीय जनताले पार्टीलाई जोगाए। हाम्रो बैठक सम्पन्न भयो। त्यसलाई को–अर्डिनेसन केन्द्रको विस्तारित बैठक अर्थात् तेस्रो सम्मेलन पनि भनिन्थ्यो।

## सुरुङमा सर्प खस्दा

२०३६ वैशाखकै कुरा हुनुपर्छ। हामी ताप्लेजुङको सिनामस्थित हरि नेपालकै घरमा थियौँ। सिनामलाई प्रतिक्रियावादीहरू 'उग्रवादीहरूको अखडा' भन्थे। कमरेड रत्नको हत्यापछि तनावग्रस्त बनेको मेचीको स्थिति अध्ययन गरी पार्टी पुनर्गठन गर्ने सन्दर्भमा त्यहाँ पुगेका थियौँ। हरिको घर छोड्नुभन्दा अघिल्लो रात उहाँले मलाई आपत् पर्दा बस्ने एउटा सुरक्षित सुरुङको अवलोकन गर्न लानुभयो। रातको करिब १२ बजेको हुँदो हो। हातमा सानो टर्च थियो। टर्च मुखले च्यापेर एउटा खरझाडीको ढुङ्गाको च्यापबाट घस्रँदै प्राकृतिक रूपमा निर्मित र पछि केही हातले मिलाएको सुरुङभित्र प्रवेश गर्‍यौँ। सुरुङभित्र जाने बाटो केही साँघुरो र डरलाग्दो थियो। भित्र बीच भागमा करिब चार/पाँच जना बस्न, सुत्न मिल्ने रहेछ। त्यहाँ गुन्द्री र काठका बाकसहरू थिए।

पार्टी प्रकाशन 'वर्ग सङ्घर्ष', 'मुक्ति मोर्चा' जनताका गीतहरू, 'प्रथम सम्मलनका दस्ताबेज'हरू तथा केही मार्क्सवादी दर्शनका पुस्तक 'पार्टीका निर्देशन' एवं कमरेड रत्न (महेश)ले हरि (राजेश)लाई लेखेका पत्रहरू थिए। दुईवटा बाँसका ढुङ्ग्रामा खोस्टाको बिर्को राखेको पानी पनि थिए। घस्रेर गएकाले हाम्रो टाउको र जीउमा लागेको छारोहरू झार्दै कागजातहरू हेर्दै थियौँ। अचानक ठूलै सर्प अगाडि खस्यो। हामीसँग लौरो थिएन। चुपचाप बस्नुको विकल्प भएन। एकैछिनमा सर्प आफ्नो बाटो अर्को प्वालतिर लाग्यो। हामी बाहिर आयौँ। त्यो सुरुङ त्यसबेलाको हाम्रो 'युद्ध नीति' र दमनको उपज थियो।

त्यसबेलासम्म हाम्रो पार्टीको कार्यनीति सशस्त्र युद्धकै थियो। युद्ध नलडी हतियारले सज्जित राजतन्त्र ढाल्न सकिन्न भन्ने मान्यता राख्थ्यौँ। त्यसैले हातहतियार जम्मा गर्ने, युद्धको तालिम गर्ने र सामरिक महत्त्वको ठाउँहरूको अध्ययन गर्ने काम कुनै प्रचारबिना गर्थ्यौं। यसै सन्दर्भमा इलामको चित्रे चमैतामा रत्न वान्तवाकै घरमा हातहतियार र रसदपानीसमेत राख्न मिल्ने गरी सुरुङ बनाइएको थियो। पछि त्यो कुरा शत्रुसामु खुल्दा इलाममा भयानक दमन भयो। रत्नमात्र होइन, बम वान्तवासमेतको हत्या भयो। अनेकौँ घटनाक्रम र दमनकै बीचबाट हामीले यसखाले युद्ध नीतिबाट राजनीतिक विजय हुन नसक्ने ठहर गर्दै जनसङ्गठन र जनसङ्घर्षको कार्यनीतिमा प्रवेश गरेका थियौँ।

## तिम्बु पोखरी अवलोकन

तिम्बु पोखरी अत्यन्त रमणीय छ। यो कञ्चनजङ्घा हिमाली शृङ्खलामा सिक्किम राज्यको सिमाना नजिक पर्दछ। पोखरी करिब १५ हजार फिटको उचाइमा पर्दो रहेछ। २०३६ सालमा हामीले त्यसको भ्रमण गर्‍यौँ। त्यो ताप्लेजुङको पर्यटकीय

महत्त्व बोकेको ऐतिहासिक ताल रहेछ। धार्मिक आस्थाका कारण स्थानीयहरू 'तिम्बु पोखरी'लाई इवा पोखरी भन्दा रहेछन्। भारतमा अङ्ग्रेजको शासन हुँदा अङ्ग्रेज फौजहरू त्यहाँसम्म पुगेका रहेछन्। त्यो ठाउँ जाने बाटोहरू ज्यादै विकट भएकाले जो कोही त्यहाँ पुग्न सक्दा रहेनछन्।

लेक लाग्ने भए पनि पोखरीको सौन्दर्यले सबै कुरा बिर्साउँदो रहेछ। पोखरी अण्डा आकारको कडा चट्टानबीच रहेको छ। ताल अत्यन्त स्वच्छ र सफा पानीबाट बनेको छ। छिनछिनमा कालो बादल मडारिएर आउँदा मान्छेहरूलाई 'देवी रिसाइन्' भन्ने पर्दो रहेछ। धार्मिक आस्था राख्नेहरूले त्यहाँ आफूसँग भएको सुनचाँदीका गहना, तामा, पित्तल र चाँदीका मुद्राहरू पोखरीमा चढाउँदा रहेछन्। पोखरीको छेउनेर एउटा देवीको मन्दिर पनि रहेछ। पानीको छालले ती बस्तुहरू किनारामा फालेको देखियो। तर मान्छेहरूले ती बस्तु लाने रहेनछन्। किनारामा बसेर झार पल्टाउँदा ज्यादै पुरानो सिक्का मेरो हातमा पनि परेको थियो। काठमाडौँमा कुनै सङ्ग्रहालयमा पुऱ्याउने गरी त्यो 'मुद्रा' ल्याउन खोजेको थिएँ। तर हाम्रा साथमा रहेका किसान साथीहरूले 'अनिष्ट हुन्छ', 'कालो बादल मडारिन्छ' भनेर पैसा पोखरीमै फालिदिनुभयो।

कञ्चनजङ्घा हिमालयको शृङ्खला यसै सुन्दर थियो। त्यसमा पनि बाटोभरि पाइने जिम्बुको साग, पाँचऔले लगायत थरिथरिका फूल, देवदार, धुपी सल्ला र थरिथरिका निगालाघारीले तिम्बुको शान नै बिचित्रको बनाइएको थियो। अग्ला डाँडाहरूमा रङ्गीबिरङ्गी डाँफे, मुनाल, चिलिमे चराको दृश्य ज्यादै मनमोहक लाग्दथ्यो। मौका पर्दा जोकोहीले त्यो पोखरीको दृश्यावलोकन गर्नु जीवनको सार्थकता हुनेछ। तिम्बु पोखरीको भ्रमण मेरो राजनीतिक जीवनकै एउटा अविस्मरणीय घटना बनेको छ। तिम्बुको सौन्दर्य र त्यसको सांस्कृतिक, ऐतिहासिक महत्त्वबारे आम्बेगुदिनमा लक्ष्मी कुँवरकै घरमा सुनेका थियौँ। त्यो घर पार्टीको पुरानो आश्रयमध्ये एउटा हो।

### मोही फ्याक्ने पोखरी

केही आश्रयदातासँगको भेटघाट र रणनीतिक महत्त्वको ठाउँको अध्ययनको सिलसिलामा हरि नेपालसहित हामी पाँच/छ जना ताप्लेजुङको उत्तरपूर्व कञ्चनजङ्घाको फेदसम्म पुगियो। त्यहाँ हाम्रा समर्थक साथीहरूका ठूलो हंजा गाईभैंसीहरू रहेछन्। त्यहाँ भूमिगत बस्न परेन। साथीहरूले बन्दुकको अभ्यास गर्नुभयो। गोठाला कमरेडहरूसँग एक हप्ता बसेर राजनीतिक कुराका साथै बस्तुस्थितिको अध्ययन भयो। गोठमा गएका बेला साथीहरूले पानीको बदला दहीजस्तै बाक्लो मिठो मही हामीलाई कचौरामा दिनुभयो। मैले सबै मही पिएर कचौरा चाटेँ। त्यो देखेर साथीहरू हाँस्नुभयो। हाँस्नुको

कारण सोधेँ, भन्नु भएन। मोही घ्युको लागि मात्र बनाइँदो रहेछ। छुर्पी बनाउने चलन त्यसबेला त्यहाँ रहेनछ। त्यसैले गोठकै नजिक खाल्डो खनेर सम्पूर्ण मोही त्यहीँ जम्मा गरिँदो रहेछ। गाईबस्तुले पानीको रूपमा मोही पिउँदा रहेछन्। गाईलाई खुवाउने मोही मैले चाटेको देख्दा हाँसेको पछि मात्र थाहा भयो। त्यता बसुन्जेल दही, दुध पर्याप्त पिएँ। त्यो गोठ हाम्रो आश्रयस्थल बन्यो। २१ वर्षको भूमिगतकालको यो एउटा विशिष्ट अनुभव हो।

## कुलदेउताको हवाला दिएर बचाइयो

२०३६ असार ११ गते कमरेड रत्नको श्रद्धाञ्जली सभा र जिल्ला कमिटीको पुनर्गठनका लागि हामी ताप्लेजुङबाट इलामको नामसालिङ पुगेका थियौँ। सिरिसेमा भागीमान राईको घरमा टेकबहादुर राई, पुण्य नेपाल, जीवन मगर, रत्नका भाइ महेश बान्तवालगायत धेरै साथीहरू हुनुहुन्थ्यो। हामीले रत्न र बमको स्मृतिमा पहिलो श्रद्धाञ्जली सभा गरेका थियौँ। सुरुमा जीवन मगरको नेतृत्वमा पाँच सदस्यीय जिल्ला कमिटी पुनर्गठन गरेको भए पनि स्थानीय साथीहरूसँग उहाँको सम्बन्ध राम्रो नभएको र पुनर्गठनलगत्तै यौन दुर्व्यवहारको घटनामा जोडिएपछि कारबाही गरेर कमरेड अगम बान्तवालाई सचिव बनाइएको थियो। यसले हत्यापछिको निराशालाई चिर्न धेरै सहयोग पुग्यो।

सोयाङ जाँदाको एउटा घटना मलाई अझै सम्झना हुन्छ। इलाम प्रतिक्रियावादी सरकारको ठूलो दमनबाट गुज्रदै थियो। माइनादेको माथि प्याङ पुछारमा एक जना किसान दुर्गा सोङमीको गुहाली (गोठ) रहेछ। हरि नेपाल र म पाँचथरको पराङबुङ भन्ने ठाउँबाट अगमको अगुवाइमा अनेकौँ विकटता पार गर्दै त्यहाँ पुगेका थियौँ। एक्कासि गोठ धुवाँएको देखेर दलालहरू चियो गर्न गोठमा आए। उनीहरूले दुर्गालाई भने– 'यति धेरै भात कसका लागि ? के कतै उग्रवादीहरू राखेका त छैनौ ?' यति भन्दै तिनीहरू तलामा उक्लिन खोजे। तर सोङ्गी पहिला नै भऱ्याङको बीचमा चढिसक्नु भएको थियो। बाँसले छापेको टाँडबाट मेरो सेतो गोडा देखेछन्। खुट्टा त धेरै गोरा छन् नि भन्दै माथि चढ्न जबर्जस्त गरे। उहाँले धेरै प्रतिवाद गर्नुभयो। अन्त्यमा केही नलागेपछि हाम्रो कुलदेउता बस्ने ठाउँमा अरु मान्छे किन जाने ? देउताले सहँदैनन् भनेपछि तिनीहरू तल झरेर माइखोलातिर लागे। हामीले साथीहरूलाई निगरानीका लागि पठायौँ। साँझ परेपछि हामी सुरक्षित रूपमा कार्यक्रम स्थलतर्फ प्रस्थान गऱ्यौँ। यसरी आश्रयदाता कमरेडको चलाखीबाट हामी जोगियौँ। दलाल र शत्रुबाट जोगिन कहिलेकाहीं कुलदेउता र भूतको पनि सहारा लिनुपर्दो रहेछ।

**बकुल्लाको मासु तीतो**

२०२९ सालतिर रूपन्देहीको सीतापुर क्षेत्रमा तिनाउ नदीले छोडेको ऐलानी पर्ती जग्गा थियो । बिस्तारै जमिन्दारहरूले कब्जा गर्न थालेपछि तत्कालीन नेकपा (पुष्पलाल) समूहको जिल्ला कमिटीले त्यहाँ भूमिहीन गरिब किसानको बस्ती बसाउने निर्णय गऱ्यो । त्यसपछि जिल्लाका विभिन्न ठाउँमा रहेका भूमिहीनहरू त्यहाँ आएर बस्न थाले । सुरुमा २६ परिवार बस्थे । स्थानीय जनता लडाकु थिए, शत्रुसँग कसरी लड्ने भन्नेबारे बस्ती सधैँ तत्पर हुन्थ्यो । ब्यारेकमा बस्ने सेनाको जस्तो बस्ती भएकाले त्यसको नाम छाउनी रह्यो । त्यस बस्तीमा मोदनाथ प्रश्रित, जीवराज आश्रित, वामदेव गौतम, विष्णु पौडेल, भीमनारायण थारु, शान्ता मानवी आदि धेरै आउनुहुन्थ्यो । मुक्तिमोर्चासँगको एकतापछि प्रदीप नेपाल, गोपाल शाक्य, सीपी मैनाली पनि त्यहाँ आश्रय लिएर बस्नुभएको छ ।

छाउनीको बस्ती यति गरिबीमा थियो कि कहिलेकाहीँ ठूला–बडा भन्नेले भोजभतेरमा बढी भएर फालेको खानेकुरासमेत खाने खुवाउने काम हुन्थ्यो । जनताको मन जित्ने सङ्कल्प बोकेका कमरेडहरू जनताले जे दिए पनि स्वीकार्थे । यी सबै कारणले गर्दा त्यस बस्तीका किसानहरूको पार्टी नेताहरूप्रति ज्यादै गहिरो आत्मीयता थियो । त्यतिखेर बैठक राखिएको घर सन्ठीले बारेको थियो । वर्षाको बेला गर्मी धेरै थियो । तर भुइँबाट माटो बाफिएर चिसो पनि लाग्यो । ओछ्याउने राम्रो व्यवस्था थिएन । त्यसले गर्दा साथीहरू एकपछि अर्को बिरामी पर्न थाल्नुभयो । गाउँका किसानहरूलाई पिर लाग्यो । सर्दी हटाउन मिठो खाना खुवाउने स्थिति थिएन । एकदिन उहाँहरूले सल्लाह गरेर हामीलाई एक–एक कचौरा झोलसहित मासु दिनुभयो । स्वाद तितो थियो । मिठो नमिठो केही नभनी सबैले खानुभयो । पछि बुझ्दा त्यो मासु 'बकुल्ला' को रहेछ । त्यो स्नेपछि कसैले दिगमिग पनि मान्नुभयो । तर जनताले दिएको जे कुरा पनि स्वीकार गर्ने हाम्रो मान्यता थियो ।

२०३६ साउनमा तत्कालीन नेकपा (माले) को केन्द्रीय बैठक त्यहीं गाउँमा राखियो। २०३५ चैत २७ गते पार्टीका नेता, 'पूर्वको तारा' भनेर चिनिने कमरेड रत्नकुमार वान्तवाको हत्यापछि आयोजित यो पहिलो बैठक थियो। बैठक छाउनी टोलका दिनानाथ केवटको घरमा थियो। झण्डै हप्ता दिनसम्म चलेको सो बैठकमा ११/१२ जना केन्द्रीय नेताहरूलाई खुवाउने–पिलाउने काम कम कठिन थिएन । त्यसैले ठूला बैठकहरू गर्दा कमिटीकै तर्फबाट दाल–चामल, तेल, तरकारी आदि वरपरका इलाकाबाट सङ्कलन गरिन्थ्यो। खाना पकाउने जिम्मा फरक। सुत्न वल्लो–पल्लो घरमा बाँडे पनि बैठक चाहिँ एउटै घरमा हुन्थ्यो ।

जनमतसङ्ग्रहपछिको स्थितिमा पार्टीलाई कसरी अघि लाने, देशव्यापी विद्यार्थी आन्दोलन र रत्नकुमार बान्तवाको हत्यापछिको स्थितिबारे मैले प्रस्तुत गरेको प्रतिवेदन र नीति बारेसमेत छलफल भएका थिए। बैठकमा अनेकौँ विषयमा चर्को बहस र छलफल हुन्थ्यो। आवाज चर्को हुँदा सुरक्षामा खटिएका साथीहरू के भएछ भनेर बुझ्न आउँथे। बहस उत्कर्षमा पुग्दा कहिलेकाहीँ बैठक नै स्थगित गरेर हामीहरू चुपचाप आत्मसमीक्षा गर्थ्यौं। ठण्डा भएपछि पुनः आत्मालोचना गर्दै छलफलमा सहभागी हुन्थ्यौँ। तर त्यसबेलाको राम्रो पक्ष भनेको समूहगत पक्ष–विपक्ष नभई विषयगत आधारमा मतामत हुन्थ्यो। बहस, छलफलमा कुनै गुटगत गन्ध आउँदैनथ्यो। आलोचना गर्दा कुनै पूर्वाग्रह राखिँदैनथ्यो। सबैको ध्यान कसरी पार्टी ठूलो बनाउने र क्रान्ति सफल पार्ने भन्ने कुरामा केन्द्रित हुन्थे।

सीतापुर बैठकको प्रसङ्गमा अर्को एउटा विषयको पनि चर्चा गर्नु सान्दर्भिक हुन्छ। रत्नको हत्यापछि पूर्वको (कोशी–मेची)को स्थिति अस्तव्यस्त बनेको थियो। सबैतिर पुलिस नाकाबन्दी थियो। गिरफ्तारी र छापामारीको क्रम बढिरहेको थियो। राज्य आतङ्कबाट सिर्जित अस्तव्यस्ततालाई चिर्दै जिल्लाहरूको पार्टी कामलाई व्यवस्थित गर्ने जिम्मेवारीसहित म पूर्व गएँ। रत्नको हत्यापछि मेचीमा अर्को सम्भावित व्यक्ति हरि नेपाल (ताप्लेजुङ) हुनुहुन्थ्यो। उहाँको समग्र राजनीतिक, साङ्गठनिक स्थितिबारे पनि बुझ्ने र उचित लागे केन्द्रीय कमिटीमा सामेल गर्ने गरी मोरङ आउने पार्टी पोलिटब्युरोको निर्णय थियो।

त्यसैकारण हरिलाई मोरङबाट सीतापुर लगिएको थियो। सबै नेताहरूले उहाँसँग कुराकानी गर्नुभयो। उहाँ रत्नको जिम्मेवारीमा ल्याउन उपयुक्त पनि जँचिनु भयो। तर केही विधि–विधानका कारण उहाँ केन्द्रमा सामेल हुन पाउनु भएन। तर उहाँ अलिकति पनि खिन्न वा निराश हुनु भएन। आफूले भनेको पद नपाउँदा मान्छेहरू कति निष्क्रिय बन्थे। तर उहाँ भने पूर्वको काम उठाउने प्रतिबद्धतासहित उत्साहपूर्वक फर्कनु भयो। त्यस्तो कम्युनिस्ट गुण सितिमिति धेरैमा हुँदैन। दुःखको कुरा त्यसपछि फेरि उहाँसँग हाम्रो भेट हुन सकेन। सङ्खुवासभाको आक्रमणमा उहाँ र चन्द्र पुरी सहिद हुनुभयो। त्यो भेट नै उहाँसँगको अन्तिम भेट बन्न पुग्यो।

**विश्वासघातले गर्दा दुई जनाको सहादत**

सबै आश्रयदाता असल मात्र हुँदा रहेनछन्। हाम्रो लामो र विशाल सङ्ख्यामा भएका भूमिगतकालका एकाध आश्रयदाता अपवादका रूपमा विश्वासघाती पनि निस्किए।

२०३५ चैत २७ गते केन्द्रीय सदस्य रत्न बान्तवाको निर्मम हत्या र दमनले अस्तब्यस्त बनेको पार्टीलाई व्यवस्थित गर्न मलाई पार्टीले पूर्व पठाएको थियो। घेराउ र अप्ठ्यारालाई चिर्दै म धरानबाट पैदलै ताप्लेजुङ पुगेको थिएँ। २०३६ मा कमरेड हरि नेपालको नेतृत्वमा सिनाममा बसेको बैठकले ताप्लेजुङ, सङ्खुवासभा, तेह्रथुम र पाँचथरको एउटै संयुक्त पार्टी जिल्ला कमिटी निर्माण गरेको थियो। बैठकले होसियारीपूर्वक सम्पर्क विस्तार गर्दै स्थानीय पार्टीलाई जीवन्त राख्ने र सुचारु गर्ने जिम्मेवारी बाँडफाँट गरेको थियो। त्यस कमिटीमा चैनपुर घटनापछि भूमिगत हुनु भएका बासु शाक्य र चन्द्रबहादुर पुरीसमेत हुनुहुन्थ्यो। उहाँहरूका साथमा चैनपुरबाट कब्जा गरेका स्वचालित बन्दुक पनि थिए। उहाँहरूविरुद्ध गोपाल श्रेष्ठको हत्या र खरखजाना मुद्दा लगाइएको थियो।

२०३६ पुस १२ गते सङ्खुवासभाको शिबुबा स्वाबुन भन्ने गाउँमा पार्टीको सम्पर्क र बैठकका निम्ति आउनु उहाँहरू पुरानो नाताले भीमे राईको घरमा आश्रय लिनुभएछ। उनी कमरेडहरूलाई राती घरमा राखेर बाहिर गएछन्। १२ पुसमा सदरमुकामबाट हातहतियारसहित प्रहरी ल्याएर घर घेराउ गरियो। ठूलो प्रतिवाद भयो। दोहोरो गोली चल्यो। केही प्रहरी घाइते भए। अन्त्यमा हरि कमरेडतर्फ स्वचालित बन्दुकको गोली सकिएपछि उहाँहरू दुवै जनाले पार्टी र क्रान्तिको खातिर वीरगति प्राप्त गर्नुभयो। यसरी पूर्वमा रत्न बान्तवापछि सम्भावित नेतृत्वको रूपमा उदाएका निष्ठावान, समर्पित र जुझारु योद्धाद्वय हरि नेपाल र चन्द्रबहादुर पुरीलाई हामीले सदाका निम्ति गुमाउनु पऱ्यो। बुझ्दै जाँदा हरि नेपालको स्याबुन आउने योजना रहेनछ। ताम्प्राङमा पार्टी स्थापना दिवस मनाउने कार्यक्रम रहेछ। बासु शाक्य ताम्प्राङबाटै फर्कनुभयो। हरि पनि त्यहीँबाट फर्कनुपर्ने थियो। तर उहाँहरू स्थानीयसँग केही नबुझी स्याबुन भीमेको घरमा पुग्नुभयो। स्थानीय पार्टीले भीमेलाई शङ्काको घेरामा राखेको रहेछ। त्यो कुरा उहाँहरूलाई थाहा भएन। पार्टीलाई ठूलो नोक्सानी भयो। यो आश्रयदाताको पार्टीप्रतिको विश्वासघातका कारण भएको घटना थियो।

**लासो लौ जीउकै भरमा आश्रयमा**

कुरा २०३७ मङ्सिरको हो। नेकपा (माले) धादिङ जिल्ला कमिटीको बैठक सकेर नुवाकोट जाँदै थियौँ। साथमा एक जना शिक्षक जगन्नाथ नेपाल हुनुहुन्थ्यो। नुवाकोट गौगनेमा एक जना वीरबहादुर तामाङ शिक्षक हुनुहुन्छ भन्ने सुनेका थियौँ। उहाँ वामपन्थी हुनुहुन्थ्यो। हामी धादिङबेसीबाट धुवाकोट टक्सार हुँदै वीरबहादुर तामाङको घर पुगियो। त्यो तामाङहरूको ठूलो गाउँ रहेछ। हामी गोगने पुग्दा उहाँ घरमा भेटिनु

भएन । घरमा उहाँकी श्रमती हुनुहुन्थ्यो । एउटा नानी पिठ्यूमा बोकेर आँगनमा काम गर्दै हुनुहुन्थ्यो । हामीले वीरबहादुरको साथी मास्टर भन्दै नमस्कार गऱ्यौँ । उहाँले 'लासो' जीउ लौ' भन्दै त्रिशूलीतिर इसारा गर्नुभयो । उहाँले त्योभन्दा अरु केही भन्न सक्नु भएन । घाम डाँडातिर पुग्दैथ्यो । हामीलाई भोक पनि धेरै लागेको थियो । उहाँ त्रिशूली गएको अनुमान गऱ्यौँ ।

महिला धान उठाउँदै हुनुहुन्थ्यो । बाख्रा कराइरहेका थिए र पिठ्यूको नानी भोकले हो वा केले बेस्सरी रुँदै थियो । हतार–हतार ती महिला मुलाको साग र हरियो बोडी पनि केलाउँदै हुनुहुन्थ्यो । एक्लो महिलाको चटारो हामीले हेरी बस्न सकेनौँ । नेपालले बाख्रालाई घाँस हाल्न जानुभयो भने म धान उठाउने र बोडी केलाउन थालेँ । उहाँले 'लौ जीउ' भन्दै दलानको गुन्द्रीमा बस्न इसारा गर्नुभयो । हामीले कामै गऱ्यौँ । उहाँले बारीबाट एक थाल पाकेको अम्बा ल्याइदिनुभयो ।

साँझ पऱ्यो । बास बस्ने समय भयो । महिला अत्यन्त सोझी लाग्दथ्यो । नयाँ मान्छेप्रति कुनै सङ्कोच मान्नुभएन । आफ्ना श्रीमानका साथीहरूलाई व्यवहारमा कतै तलमाथि नहोस् भन्ने कुरामा ज्यादै सजग हुनुहुन्थ्यो । उहाँले फेरि 'लौ जीउ' भन्दै हामीलाई बाहिरै बस्ने कि भित्र जाने हातले इसारा गर्नुभयो । हामीले भित्रै जाने कुरा गऱ्यौँ । नजिकै प्रहरी चौकी थियो । भित्रै सुरक्षित लाग्यो ।

भित्र अगेनामा पुगेपछि 'तसला' र कराई देखाउँदै मैले पकाएको खाने कि आफैं पकाउने फेरि त्यही भाषा बोल्नुभयो । मलाई मुस्किलले दुई/चार तामाङ शब्द आउँथ्यो । तर त्यहाँको भाषा फरक रहेछ । त्यो सुनेर उहाँ हाँस्नुभयो । उहाँले इसाराले श्रीमान भोलि मात्र आउने जानकारी दिनुभयो ।

आगो ताप्दै अँगेना वरिपरि बसियो । तसलाको भात पाक्यो । ओदानमाथि कराई बसाउँदै 'सरङ' बाट बोसोका टुक्राहरू भुटुन (तेल)का रूपमा चुँड्दै राख्नुभयो । दिउँसो केलाएको बोडी, मुलाको साग र आलु राख्नुभयो । नुन, खुर्सानी हालेर झोल उमाल्दा त्यसको नमिठो, अनौठो बास्ना आइरहेको थियो । उहाँ हाम्रा प्रत्येक गतिविधिलाई मसिनो गरी ख्याल गर्दै हुनुहुन्थ्यो । नयाँ सम्पर्क, हाम्रा व्यवहारबाट तलमाथि नहोस् भन्नेमा हामी पनि सजग थियौँ ।

हामी दुवै जनालाई खाना राखिदिनु भयो । मैले खाना खान थालेँ । त्यो अनौठो गन्धले नेपाल कमरेडले गाँस मुखतिर लानै सक्नु भएन । उहाँलाई धेरै गाह्रो भयो । महिला हाम्रो मुखतिर हेर्दै हुनुहुन्थ्यो । हत्तपत्त तलामा चढ्नुभयो । ठेकाबाट दही ल्याएर

राखिदिनुभयो। तर उहाँले त्यो पनि खानै सक्नु भएन। मैले जबर्जस्ती नखान भनेँ। महिला भाषा नजाने पनि धेरै परिपक्व, व्यावहारिक हुनुहुँदो रहेछ। आफूले खाना खाएपछि इसाराले एकैछिन बस्न भन्दै अगुल्टो हल्लाउँदै बाहिर जानुभयो।

करिब १५ मिनेटपछि एक जना सेतै कपाल फुलेकी अलिअलि नेपाली बोल्ने दिदीलाई लिएर आउनुभयो। एक जना भाइले त खाना नै लिनु भएनछ। बुहारीले जानिनँ। कुरा पनि बुझेन। हामी तामाङहरूको चलनै यस्तै छ। नराम्रो नमान्नु होला भन्दै मकै, भट्टमास भुटेर दिनुभयो। सुत्ने व्यवस्था सबैको अँगेना वरपर नै थियो। ओछ्यानका रुपमा हामीलाई नयाँ गुन्द्री दिइयो। ओड्ने आफ्नै हातले बनाएको मारकिनीको फरिया आयो। त्यो नयाँ थियो। जगन्नाथ कमरेडलाई महिलाको त्यो फरिया ओड्न अलि सिकसिक लागेजस्तो भयो। महिलाले त्यो पनि हेर्दै हुनुहुन्थ्यो। तर त्यो नयाँ थियो र त्यहाँको प्रचलन नै त्यस्तै रहेछ। यति जिम्मेवार भूमिका निभाएर 'भोलि भेटौँला है' भन्दै राँको बालेर दिदी आफ्नो घर जानुभयो। नयाँ ठाउँ, अपरिचित मान्छे। तर उहाँहरूले हामीलाई यति धेरै सत्कार र विश्वास गर्नुभयो। घरभित्रै बस्न–सुत्न दिनुभयो। सम्पूर्ण घटना, दृश्य मलाई राती अबेरसम्म सम्झना आइरह्यो।

अर्को दिन बिहान ९ बजेतिर वीरबहादुर तामाङ घर आइपुग्नुभयो। एकैछिन महिलाले छुट्टै भेट्नुभयो। त्यसपछि हामीतिर आएर क्षमायाचना गर्दै वीरबहादुर सरले भन्नुभयो, 'तामाङहरूको परिवार केही जानेको हुँदैन। खानपिन, सुताइ त्यति गतिलो भएनछ। मनमा नलिनूस् है कमरेडहरू। तपाईंहरू त बुझेको मान्छे।' त्यस्तो केही छैन भनेर हामीले सबै कुरा सहज बनायौँ।

हामी त्यस्तै दुई दिन त्यहाँ बस्यौँ। लामो राजनीतिक कुरा भयो। त्यसपछि त्यो परिवारसँग पार्टीको सम्पर्क भइरह्यो। पछि द्वन्द्वका बेला नानीहरूलाई माओवादीहरूले युद्धमा लगेछन्। युद्धकै क्रममा तिनीहरू मारिएछन्। आमाबुबालाई पनि माओवादीलाई सघाएको आरोपमा घर घेरा हालेर सेनाले मारेछन्। यसरी ख्यालख्यालैमा जस्तो त्यस परिवारको दुःखद अन्त्य भएछ। त्यो कुरा सुन्दा मलाई धेरै नरमाइलो लाग्यो। हामीलाई नुवाकोटको गाउँमा सुरुमा पस्न सघाउने त्यो तामाङ परिवारको अन्त्य एउटा दुखान्त कथाजस्तो भयो। यो कुरा सम्झँदा मन अहिले पनि भारी हुन्छ।

### चौबीसवटा फुल एकै पटक

राजनीतिक कार्यकर्ताको निम्ति भूमिगतकाल जोखिमयुक्त र अनिश्चित थियो। पार्टीले जहाँ खटायो, त्यहीँ जानुपर्ने। आफ्नो ठेगाना, पारिवारिक स्थिति सबै गोप्य

राख्नु पर्ने। कतिखेर शत्रुको हात परिने हो, कतिखेर मारिने हो, ठेगान हुँदैनथ्यो। मलाई के हुन्छ, केही सोचिँदैनथ्यो। जे सोचिन्थ्यो, त्यो जनताको मुक्तिको खातिर सोचिन्थ्यो, लडिन्थ्यो। कहिले व्यवस्था फेरिन्छ, कसैले भन्न सक्ने कुरा भएन। खाने, बस्ने, सुत्ने केही ठेगाना थिएन। निशाचरझैं रातभर हिँड्ने। विचित्रको जीवन थियो। कैयौँ रात भोकै पनि बसियो। कति रात खोले, फाँडोमा बित्यो। कति रात जङ्गल, चिहानघारी र ओडारमा बिते, कुनै ठेगाना छैन। प्रायः एक्लै होइन्थ्यो, साथी लिएर हिँड्न अनुकूल पर्दैनथ्यो। गाडीको प्रयोग बिरलै हुन्थ्यो। तर एउटा कुरा निश्चित थियो। हामीसँग मार्क्सवादी चेत थियो, स्पष्ट लक्ष्य थियो। सही बाटो थियो, दृढता र अदम्य साहस थियो। त्यसैमा बाँचेका थियौँ।

एकदिनको कुरा हो, म पिस्करमा थिएँ। त्यहाँ बैठक सकेर दोलखामा अर्को बैठकका निम्ति जानुपर्ने थियो। रातको १२ बजेतिर पिस्करबाट जल्जले हुँदै खरिढुङ्गातर्फ लागेँ। जङ्गलको बाटो। वर्षादको समय। पानीले कागजपत्र नभिजोस् भनेर प्लास्टिकको कागजले बेरेको थिएँ। भूमिगत मान्छेको व्यथा बुझ्ने कमरेडले बाटोमा के पर्ला भनेर गहुँको रोटी र नुन–खुर्सानी हालिदिनु भएको थियो।

डुमथली जङ्गलको उकालो जाँदै थिएँ। चुक खन्याएजस्तो अँध्यारो र निस्तब्ध थियो। एउटा भीरको डिलमा पुगेँ। खोला बढिरहेको देखेँ। टर्च बालेर तर्न सकिन्छ, सकिन्न भनेर डिलबाट हेर्दै थिएँ। अचानक बाढी आयो। मलाई बगाएर एक डिल तल छाँगोमुनि खसायो। हातका पाँचै औँला दहको ढुङ्गामा बजारिएर उल्टोतर्फ फर्किए। म मूर्च्छा परेँ। अनकन्टार ठाउँ, रातको समय। हारगुहारको के गुन्जाइस। एक हातले पौडी खेल्दै मुस्किलले पाखा लागेँ। नआत्तिई हात जबरजस्त साबिकतिर फर्काएँ। फेरि मूर्च्छा परियो। पाखामा चिसै लडेँ। लुगा सबै भिजे। जाडो बेजोड थियो। हनहनी ज्वरो आयो। हात सुन्नियो। फेरि बाटो लाग्नुको विकल्प थिएन। त्यतै बस्दा आफ्नै गाउँ ठाउँ चिन्ने र हल्ला हुने डर, सकी–नसकी रोलडाँडातर्फ उकालो लागेँ।

खानीडाँडा पुग्दा झण्डै उज्यालो भयो। मैनापोखरीमा पशुपति चौलागाईंको घर पुग्नुपर्ने थियो। लुगा भिजेका थिए। चिसो कपडा लगाएर चरिकोटका गाउँतिर जानु उपयुक्त थिएन। घाम पटक्कै लागेन। दुई रात जङ्गल नै आश्रय बने। भोक धेरै लाग्यो। पिस्करबाट ल्याएको खाजा बाढीले खान नहुने बनायो। अर्को दिन बिहानदेखि नै घाम लाग्यो। लुगाहरू सुकाएँ। अब के गर्ने सोच्न थालियो। पारि मकैबारी खुस्पालेमा आफ्नै दिदीको घर थियो। उहाँहरू सहयोगी त हुनुहुन्थ्यो। तर बाटोमा गाउँहरू थिए, जाने कुरै भएन।

मैले भोक खप्नै सकिनँ। घँगारुको दाना खाएँ, रिङ्गटा चलायो। पाङ्गलिङको डाँडाबाट बोच गाउँको मुखमा रहेको स्वास्थ्य चौकीतर्फ ध्यान गयो। त्यो स्वीस परियोजनाले बनाएको चौकी थियो। त्यहाँ हेल्थ असिस्टेन्ट हुनुहुन्थ्यो, साथी अर्जुन कार्की। घर सिन्धुपाल्चोकको पेट्कु। त्यो घर हाम्रो राम्रो आश्रय घर पनि थियो।

स्वास्थ्य चौकीमा मान्छे आउजाउको स्थिति नियालेँ। २/३ बजेपछि मान्छेहरू आउन छाडे। त्यही मौकामा आँटका साथ अचानक चौकीमा पसेँ। एक्कासि देख्दा अर्जुनजी आत्तिनुभयो। सबै कुरा बताएँ। हतार–हतार बिरामी जाँच्ने बेडमा सुताउनुभयो। सुन्निएको हातमा मल्हम लाइदिनु भयो र केही औषधि दिनुभयो। भोक तिर्खाको अवस्था सोध्नुभयो। त्यहाँ नजिक कुनै पसल पनि थिएन र धेरैबेर बस्ने अवस्था पनि थिएन। म त्यो क्षेत्रमा सबैले चिन्ने व्यक्ति थिएँ।

अर्जुनसँग २४ वटा कुखुराका फुल रहेछन्। हतपत उहाँले सुइ पकाउने डेक्ची माझेर स्टोभमा फुल बसाल्नुभयो। 'म स्वास्थ्यकर्मी हुँ। साबुनले माझेर उमालेपछि केही हुँदैन। मसँग अरु केही छैन। एउटा हितैषी कमरेडले दिएको खाना ढुक्क भएर खानूस्' भनेर कागजमा फुल पोको पारिदिनुभयो। धन्यवादसहित म जङ्गलतिर लागेँ।

भोकले आत्तिएका बेला एकैपटक २४ वटै फुल खाइयो। पेटमा केही समस्या हुन्छ कि भनेर डर लागेको थियो। केही भएन। फेरि हिँडेर कहिले जङ्गल कहिले मूलबाटो हुँदै राती १ बजेतिर काभ्रे मैनापोखरीस्थित पशुपति चौलागाईंको घर पुगेँ। अर्को दिनबाट बैठकमा सहभागी भएँ। जीवनमा यति धेरै फुल कहिल्यै खाएको थिइनँ। त्यसबेला खाइयो। कुरा सानै र सामान्य भए पनि यो मेरो जीवनभर एउटा अविस्मरणीय घटना बनिरहेको छ।

नेकपादेखि नै दोलखामा पार्टी सम्पर्क थियो। त्यसबेला क्षमावतीका नेत्रप्रसाद शिवाकोटी, मिलन तुलाधरको कोठा, अर्जुन विश्वकर्माको घर, सुनखानीको कर्णानन्दको घर, गुमुखोलाको लालबहादुर थामी आदिका घरहरू सुखदुःखका आश्रयहरू थिए।

को–अर्डिनेसन केन्द्र हुँदै नेकपा (माले) बनेपछि दोलखामा हाम्रो काममा केही विकास भयो। त्यसपछि पशुपति चौलागाईं, चन्द्रबहादुर दाहाल, कृष्णप्रसाद दाहाल र अहेब चन्द्रबहादुर दाहाल, लादुकमा जीतवीर लामा, लालकुमार केसी र जिरीका इन्द्रबहादुर खड्का, निरबहादुर जिरेल, श्यामामा ग्याल्जी शेर्पा आदिको घर हाम्रा आश्रय (सेल्टर) बने। चन्द्र दाहाल, कृष्ण दाहाल, इन्द्र खड्काको घरमा महत्त्वपूर्ण बैठक पनि भए। कम्युनिस्ट पार्टीलाई सहयोग गरेको आरोपमा सरकारले दमन चलाइरहन्थ्यो।

तर पनि प्रतिवाद गर्दै आश्रय तथा सङ्गठन अघि बढिरहेका थिए। पछिल्लो समय जिल्लाका अनेकौँ ठाउँमा हाम्रा पार्टीका आश्रयहरू बने।

**पार्टीकै आश्रयमा विवाह**

हाम्रो विवाह २०३७ माघ ५ गते भएको हो, काठमाडौँ नरदेवीको ट्याँगलस्थित विष्णु चित्रकार र रविलक्ष्मी चित्रकारको घरमा। उहाँको घर पार्टीको पुरानो सेल्टर थियो। परिवार पार्टीको सहयोगी थियो। विष्णु र रवि दाजुबहिनी मात्र नभई पार्टीका सक्रिय साथीहरू हुनुहुन्थ्यो। बुबा कृष्णबहादुर चित्रकार, आमा मैजुलक्ष्मी चित्रकार, दाई कमल चित्रकार, भाउजू शारदा चित्रकार, भाइ विश्व चित्रकार र बहिनी मञ्जु चित्रकारको भावना सहयोगी थियो। हामी त्यहाँ बारम्बार जाने गर्थ्यौं। उहाँहरूले धेरै माया गर्नुहुन्थ्यो। गोपनीयता राखिदिनु हुन्थ्यो। हाम्रो विवाह मितव्ययी रूपमा गरिएको एउटा 'जनवादी विवाह' थियो। खानपिन लगायतका खर्च चित्रकार परिवारकै तर्फबाट बेहोरिएको थियो।

भूमिगतकालमा वैवाहिक जीवन सहज थिएन। यद्यपि, त्यसबेला पनि अलि ढिलो तर नेता कार्यकर्ताहरूले विवाहित र व्यावहारिक भएर नै पार्टी काममा लाग्नुपर्छ भन्ने पार्टी धारणा थियो। पार्टी कामकै दौरान कमरेड अष्टलक्ष्मी र मैले एकअर्कोलाई राम्ररी बुझ्ने मौका पायौँ। हाम्राबीच बिहेवारीको समझदारी बन्यो। पार्टीमा विवाहको निम्ति आवेदन गर्‍यौँ। पार्टीले स्वीकृति दियो। पार्टीको स्वीकृतिबिना कसैले पनि विवाह गर्ने चलन थिएन।

विवाहको समय साँझलाई तय गरियो। कार्यक्रम छरितो र सङ्क्षिप्त थियो। सुरक्षाको प्रश्नलाई ध्यानमा राखेर त्यतिखेर उपत्यकामा भएका नेता कार्यकर्तालाई मात्र आमन्त्रण गरियो। पार्टीका तर्फबाट महासचिव सीपी मैनाली, माधव नेपाल, झलनाथ खनाल, जीवराज आश्रित, युवराज कार्की, विष्णु चित्रकार, सुरेश कार्की, सीता खड्का, विष्णुबहादुर राउत, माधव पौडेल, ठोकप्रसाद शिवाकोटी र रवि चित्रकार हुनुहुन्थ्यो। मेरो परिवारका तर्फबाट दाजु छत्रबहादुर बोहरालाई बोलाउने कुरा थियो। तर उहाँमाथि प्रहरीको निगरानी बढी भएकाले उपस्थित गराइएन। अष्टलक्ष्मीले परिवारमा विद्रोह गरी घर छोडेर भूमिगत भएकाले उहाँको माइतीतर्फ सम्पर्क थिएन। गोपाल शाक्य पार्टीमा नै भए पनि कडा भूमिगत अवस्थामा, त्यो पनि बाहिर भएकाले सहभागी गराउन सकिएन। मदन भण्डारी, ईश्वर पोखरेल, प्रदीप नेपाललगायतका नेताहरू काठमाडौँबाहिर भएकाले आउन सक्नुभएन।

एकअर्कालाई फूलमाला र रातो टीका लगाएर कार्यक्रम आरम्भ भयो। पार्टीको झण्डासामु उभिएर हामीले जीवनभर 'देश, जनता र क्रान्ति' को हितमा आफ्नो जीवन अर्पण गर्ने शपथ खायौँ। विवाहको खुसीयालीमा सबैले हात मिलाउँदै प्रतिकूलता र कठिनाइसँग नझुकी पार्टी काममा लाग्न र आदर्श दाम्पत्य जीवनको शुभकामना दिनुभयो। अन्त्यमा चित्रकार परिवारले प्रदान गरेको स्थानीय विशेषतासहितको मिठो खाना खाएर हामी आ–आफ्नो गन्तव्यतर्फ लागियो। हाम्रो पारिवारिक जीवनको एउटा महत्त्वपूर्ण विन्दु भएकाले विष्णु चित्रकार परिवारको त्यस सहयोगलाई म कहिल्यै बिर्सन सक्तिनँ।

भूमिगतकालदेखि नै काठमाडौँमा हामीसँग केही राम्रा आश्रयहरू थिए, तर थोरै थिए। आश्रयको रूपमा स्थानीयका घर मात्र नभई विद्यार्थी र कर्मचारीका कोठाहरू पनि होसियारीपूर्वक प्रयोग गर्दथ्यौँ। नरदेवीमा मिलन तुलाधर, यट्खाका सिद्धवीर डङ्गोल र हीरा महर्जन, ट्याङ्गलको विष्णु चित्रकार, टोखामा विभिन्न किसानहरू, पाँगाका बल्बु श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठको कोठा र सानु श्रेष्ठका घर कोठाहरूमा हामीले सेल्टर लियौँ। पाँगामा भूमिगतकालमा अनेमसङ्घको गोप्य भेला नै भएको थियो। पाटनमा सुशील र कमला अमात्यकहाँ, रक्तकालीमा प्रमेश तथा प्रभा हमालकहाँ, चाबहिलमा सानु मिश्र र विनोद मिश्रका घरमा र पकनाजोलमा पद्मा मानन्धरकहाँ पनि आश्रय लिइयो। यसैगरी जैसीदेवलमा राममाया श्रेष्ठ, बसन्तपुरमा भरत श्रेष्ठ, ज्ञानेश्वरमा विष्णुबहादुर राउत, योगराज कार्की र सीता कार्की, ज्ञानेश्वरमै लिम्बुनी बज्युको घर, असनमा शान्ति श्रेष्ठ र प्रतिमा श्रेष्ठ, भक्तपुरमा सत्यनारायण फैजु, निलम श्रेष्ठ, ललितपुरमा मुकेश चालिसे, पाटन लगनखेलमा नारायणी रानाका घर र कोठाहरू राम्रा आश्रयमा पर्थे। यसैगरी टोखामा जमुना खत्रीको कोठा, गणेशलाल श्रेष्ठ, गजराज श्रेष्ठ, अष्टनारायण, राधेश्याम, बाबुलाल श्रेष्ठ, सन्तकुमारी श्रेष्ठ आदि किसानका घरमा हाम्रा आश्रय थिए। टोखामा त पार्टी केन्द्रीय कमिटीको बैठकसमेत भएको थियो।

पार्टी कामको आवश्यकताले काठमाडौँको यट्खा दमाई टोलमा लोकिन शाहीको घर हाम्रो भूमिगतकालको महत्त्वपूर्ण आश्रय रह्यो। त्यहाँ पार्टीका महत्त्वपूर्ण बैठकहरू पनि भए। पिस्कर हत्याकाण्डपछि नेकपा (माले) पोलिटब्युरोको जरुरी बैठक त्यही घरमा बसेको थियो। त्यस घरमा सीपी मैनाली, माधव नेपाल, झलनाथ खनाल, जीवराज आश्रित, मदन भण्डारी, वामदेव गौतम, प्रदीप नेपाल, सीता खड्का, अष्टलक्ष्मी शाक्यसहित धेरै कमरेडहरू पुग्नु भएको छ। त्यस कोठामा युवराज कार्की र सुरेश कार्की नियमित बस्नुहुन्थ्यो। मलाई घरका मान्छेले विराटनगरमा पढाउने शिक्षक

भनेर चिन्दथे। हामी उहाँहरूसँग राम्ररी घुलमिल हुन्थ्यौँ र स्थानीय भोजमा सहभागी हुने गर्दथ्यौँ। त्यसले गर्दा स्थानीयसँग हाम्रो सम्बन्ध राम्रो बनेको थियो।

काठमाडौँमा यसबाहेक हाम्रो अरु पनि आश्रयहरू थिए। ती आश्रयहरूमा उपत्यका नियमित रहने कमरेडहरूका अतिरिक्त पार्टी कामको सन्दर्भमा बाहिरबाट आउने भूमिगत कमरेडहरूलाई पनि राखिन्थ्यो। नरनाथ लुईंटेल, सुरेन्द्र पाण्डे, हरि काफ्ले, रामलाल श्रेष्ठ, केबी आचार्य, यादवचन्द्र शर्मा, बासु शर्मा न्यौपाने, भक्ति घिमिरे, बिजेश्वरीका उत्तरा कोइराला, रामबहादुर गौतम, बसन्तपुरका पूर्णशोभा चित्रकार र उहाँका दाइभाउजू आदि धेरै साथीहरूको सहयोग हामीले लिने गर्दथ्यौँ। यसैगरी ठहिटीमा 'सङ्कल्प' पत्रिकाको कार्यालय थियो। त्यहाँ प्रायः रघु पन्त, रामेश र मञ्जुलसँग भेटघाट हुने गर्थ्यो। त्यहाँबाट हामीले खुल्ला सम्पर्कको काम गर्दथ्यौँ।

नख्खु जेलब्रेकका बेला फाखेलका किसानहरूसँग सम्पर्क जोड्न झोंछेस्थित झिल्के रुम्बा र अमृत लामाको युनाइटेड रेस्टुरेण्टबाट अत्यन्त गोप्य तरिकाले सम्पर्कको काम गर्थ्यौं। पार्टी कामको विस्तारसँगै हामीले काठमाडौँको ताहाचलमा एक जना कोइराला थरका व्यक्तिका घरको कोठा लिएका थियौँ। त्यस कोठामा महत्त्वपूर्ण बैठक, भेटघाट र नेताहरूले आश्रय लिनु हुन्थ्यो। त्यहाँ पर्चा छपाउने लिथो मेसिन पनि राखिएको थियो। त्यो कोठा अशोक राईको नाममा थियो।

खाने बस्ने समस्या भएका बेला म कलङ्कीस्थित युनिभर्सिटीमा अध्ययन गर्ने पुण्य न्यौपाने, विष्णु घिमिरे, पुष्पमान श्रेष्ठ, खगेन्द्र सङ्ग्रौला र गोरेबहादुर खपाङ्गीका कोठामा पुग्थेँ। सङ्ग्रौला र पुष्पमान चौथो महाधिवेशन पक्षको भए पनि मलाई एक जना भूमिगत मान्छेका रूपमा आत्मीय सहयोग गर्नु हुन्थ्यो।

**भीरबाट लडेको बोकाको सुकुटी**

पञ्चायती सरकारको दमनसँग लड्दै मकवानपुरको फाखेलको पुरुण्डी, कफ्लेनी, कुलेखानी आदिमा पार्टीका भरपर्दा सेल्टर बनेका थिए। किसानबीच पार्टी काम फैलिरहेको थियो। हामी सामान्य आश्रय मात्र होइन, पार्टी केन्द्रकै बैठक गर्न सक्ने स्थितिमा थियौँ। यसका निम्ति कहिले ठूलीमाया बल र कहिले वीरबहादुर लामाकै घर प्रयोग गरिन्थ्यो। उहाँहरूको सम्पूर्ण परिवार नै पार्टीको सहयोगी थियो। कार्यक्रम हुँदा सहयोग गर्नेमा अमृत लामा, सानोकान्छा लामा, झिल्के रुम्बा, ठूलीमाया स्याङ्तान, सूर्य रुम्बा, मानबहादुर लामा, धनबहादुर बल, झलकबहादुर बल, चन्द्र ठोकर, प्रकाश बल लगायत धेरै साथीहरू हुनुहुन्थ्यो। वीरबहादुरको बुबा मानबहादुर लामा, आमा

मानकुमारी, श्रीमती सुनकेशरी थिङ, दिदी–बहिनी गङ्गा र तारा लामा आदिको पूर्ण सहयोग हुन्थ्यो। 'नख्खु जेलब्रेक' का बन्दीहरूलाई सहयोग गरेको आरोपमा सरकारले साथीहरूलाई दुःख दिइरहन्थ्यो।

२०३७ असोजको एकदिन वीरबहादुरको घरको माथिल्लो तलामा केन्द्रीय कमिटीको बैठक भइरहेको थियो। प्रधान–अन्तरविरोध निक्यौल गर्ने सम्बन्धमा पार्टीमा तिखो विवाद थियो। बहुसङ्ख्यक कमरेडहरू राजतन्त्रसँगको अन्तरविरोध प्रधान भन्ने पक्षमा हुनुहुन्थ्यो भने सीपी लगायत केही कमरेडहरू साँठगाँठसँग भन्ने पक्षमा। त्यस्तै को–अर्डिनेसन केन्द्रकालदेखि नै पार्टी 'प्राधिकार' तोक्ने विषयमा पनि कुरा मिलेको थिएन। यिनै विषयमा बैठकमा चर्को बहस भइरहेको थियो। विवाद चर्कंदै जाँदा सीपी आवेगमा आउनुभयो। यतिसम्म कि उहाँ महासचिव पदबाट राजीनामा फाल्ने स्थितिमा आइपुग्नुभयो। ठूल्ठूलो स्वरमा बहस भएकाले पार्टीमा नराम्रो परेछ भन्ने साथीहरूलाई लागेछ। हाम्रो बहसलाई 'झगडा' सम्झेर सुरक्षामा बसेका कमरेडहरू बैठक कक्षसम्मै आइपुग्नुभयो। हामीले सम्झायौँ।

साँझ खानाको समय भयो। हामीहरू 'भीरबाट लडेको बोकाको सुकुटी' सहित खाना बस्यौँ। देशका विभिन्न भागमा अनेकौँ संस्कार र संस्कृतिका जनताले दिएको खानपिनमा बानी परेका कमरेडहरूले दिउँसोदेखिको अनौठो 'गन्ध वा बासना'लाई कुनै वास्ता नगरी खान थाल्नुभयो। मनमा जे लागे पनि मदन भण्डारीले कुनै प्रतिक्रिया दिनु भएन। तर जीवराज आश्रित लगायत एकाध कमरेडहरूलाई भने सुकुटीको तरकारी मुखतिरै गएन। खान धेरै प्रयत्न गर्नुभयो, तर सक्नु भएन। जनताले माया गरेर दिएको खानेकुरा खान नसकेकामा उहाँहरूलाई 'आत्मग्लानि' जस्तो भयो। उहाँले अन्त्यमा आत्मालोचना नै गर्नुभयो। उहाँको अप्ठ्यारोलाई बुझेर साथीहरूले 'स्योङ्गान' (सुकाएको तोरीको साग) र ढिँडो ल्याई दिनुभयो।

मकवानपुरतिर भीरबाट लडेको गोरुलाई 'बोकाको सुकुटी' भन्ने चलन रहेछ। हामी बैठक कक्षमा हुँदैदेखि छिडीमा फकाएको सुकुटीको अनौठो गन्ध आइरहेको थियो। केको गन्ध हो भनेर खुल्दुली समेत चलेको थियो। वीरबहादुरले साँझमा खाएपछि थाहा पाइहाल्नु हुन्छ भनेर हामीलाई चित्त बुझाउनु भयो। खानपिन लगायतका मामिलामा उहाँले अलि जबर्जस्त गर्नुहुन्थ्यो। त्यस घरको बोकाको सुकुटीको चर्चा पार्टीमा पछिसम्म पनि चलिरहन्थ्यो। हामीले बागमती, नारायणी, दोलखा, रामेछाप र ओखलढुङ्गासम्म हेर्ने गरी मध्य–उत्तर क्षेत्रीय कमिटी बनाएका थियौँ, मकवानपुर त्यसैमा पर्थ्यो। कमिटीमा म, युवराज कार्की, वीरबहादुर लामा, सीता खड्का, माधव

पौडेल, विष्णु चित्रकार तथा विष्णुबहादुर राउत हुनुहुन्थ्यो। त्यसैको व्यवस्थापनमा यस्ता बैठकहरू हुने गर्थे।

**आश्रयमा सुत्केरीको स्याहार**

मार्क्सवादी सिद्धान्तका कुरा गर्दा गुरुहरू हामीलाई सामाजिक जीवन र व्यवहारका कुरा गर्नुहुन्थ्यो। भन्नुहुन्थ्यो– कोरा राजनीतिक कुरा गरेर मात्र हुँदैन। हामीले वर्ग सङ्घर्षमार्फत जनताका दुःख–सुखसँग पनि जोडिनुपर्दछ। आश्रयस्थल भनेको जनताका जीवनसँग जोडिने माध्यम पनि हो। आश्रयमा कहिलेकाहीँ धेरै संवेदनशील कुरा हुने गर्छन्।

एकदिन म हाम्रो पुरानो आश्रय पिस्कर मूलाबारीको सन्तबहादुर थामीको घरमा पुगेको थिएँ। त्यहाँ पुग्दा त्यस्तै रातको १० बजेको हुँदो हो। ठूलीमाया थामी भारी जीउकी हुनुहुन्थ्यो। सन्तबहादुर सुत्केरीलाई चाहिने तेल–मसला लिन बाह्रबिसे झर्नुभएको रहेछ। यत्तिकैमा ठूलीमायालाई बिसन्चो भयो। बिहान ३ बजेतिर नानी जन्माउनु भयो। मैले जानी नजानी सरसफाइ लगायत सहयोग गरेँ। जाडोको समय थियो। उहाँलाई भोकले सतायो। खानाको जोहो गर्न थालेँ। अँगेनामाथि ‘सरङ’ मा कुखुराको सुकुटी रहेछ। मैले मासुको झोल र भात पकाएर उहाँलाई खान दिएँ। मलाई पनि सँगै खान कर गर्दै हुनुहुन्थ्यो। मैले मानिनँ। आफैँ भाँडाबर्तन सफा गर्नुभयो। आफैँले खाना पस्किएर मलाई जबर्जस्ती दिनुभयो। धेरै अप्ठ्यारोमा परेँ। किनभने नानीलाई धुने, पखाल्नेदेखि सबै काम गरेको थिएँ। असाध्यै दिगमिग भइरहेको थियो। प्रतिकूल अवस्थामा मलाई आश्रय प्रदान गरेर सहयोग गर्ने महिला कमरेडको भावनालाई इन्कार गर्न पनि सकिनँ। वर्गीय जनसमुदायमाझ कम्युनिस्ट हुन जाँच दिन बसेको एउटा विद्यार्थी जसरी अप्ठ्यारो लाग्दालाग्दै खाना खाएँ। महिला खुसी हुनुभयो। उज्यालो भएपछि अरु मान्छे आउने सम्भावना हुन्थ्यो। मैले आफ्नो कर्तव्य पूरा गरेँ। ९ बजेतिर सन्तबहादुर थामी घर आइपुग्नुभयो। यो मेरो जीवनको अविस्मरणीय घटना हो।

**सीपी भीरबाट लड्नुभयो**

भूमिगतकालमा गण्डकी–धौलागिरिलाई पार्टीको राम्रो काम भएको क्षेत्र मानिन्थ्यो। जनाधार राम्रो थियो। पार्टीका सङ्गठकहरू अनुशासित र भरपर्दा थिए। त्यसैले पार्टीको केन्द्रीय बैठक पनि धेरै भइरहन्थे। २०३७ मा कास्कीको रूपाकोटमा केन्द्रीय कमिटीको बैठक थियो। राजेन्द्र सुवेदी र उहाँको परिवार पार्टीको भरपर्दो आश्रय थियो। सबै नेताहरू एकै समय एउटै बाटोबाट नआई फरक–फरक ठाउँबाट, सकभर रातमा जानु पर्थ्यो। सीपी मैनाली, ईश्वर पोखरेल र म काठमाडौँबाट ट्रकमा बसी

पोखरा गएका थियौँ। त्यसबेला भीमढुङ्गा गल्छीमा मोटर बाटो थिएन। डोकोमै बोकेर धादिङ, जीवनपुर, केवलपुरतिरका किसानहरू तरकारी, फलफूल काठमाडौँ ल्याउँथे। चारैतिर बालेको पुल्ठोको उज्यालो हेर्नलायक हुन्थ्यो। बाटोमा चिया पसलहरू खुला हुन्थे। राती हिँड्दा प्रहरी वा जासुस हुँदैनथे। त्यसैले हामीले त्यो बाटो सुरक्षित ठानेर हिँडेका थियौँ। राती नै स्वयम्भु, भीमढुङ्गा, छत्रदेउराली पैदलै पार गरेर धार्के आई ट्रक चढेर गगनगौँडा आएका थियौँ। रातीको अनिँदो थियो नै।

साँझपख हामीलाई लिन साथीहरू आउनु भयो। सहयोगी साथीहरू र हामी केही दूरीमा थियौँ। सँगै जाँदा स्थानीयले शङ्का गर्ने खतरा हुन्थ्यो। रूपातालको अलि माथि देवीस्थान नजिक किराखोरभन्दा तल एउटा साँघुरो डिलमा के पुगेका थियौँ, अचानक सीपी भीरबाट लड्नुभयो। सहयोगी साथी केही अगाडि हुनुहुन्थ्यो। ईश्वर र मसँगै उहाँसँग हाम फाल्यौँ। राती भएकाले भौगोलिक धरातल थाहा थिएन। तल नीलो तालमात्र देखियो। हामी धेरै आत्तियौँ। सीपी एउटा बुटामा अल्झिनु भएको देख्यौँ। दुई जनाले सकी नसकी तानेर सानो भिरालो ठाउँमा ल्याएर सुतायौँ। सीपी ’पानी, पानी’ भनेर चिच्याउन थाल्नुभयो। मान्छेहरूले थाहा पाउने भए भनेर हामी डरायौँ। त्यता कतै पानी थिएन। रुखका पातमा भएको शीतको थोपा चटायौँ। धेरैबेर पनि नआएपछि हामीलाई लिन आएका साथी खोज्दै आउनुभयो। सबैले मिलेर माथि ल्याउन प्रयत्न गर्‍यौँ। एकछिनपछि रुद्रबहादुर थापाले एक्लै बोकेर सीपीलाई राजेन्द्रकै घर पुर्‍याइदिनु भयो।

सेल्टरमा पुर्‍याएपछि केही ढुक्क भयो। हातगोडाका रगत सफा गरियो। सीपी जेल फोडेर हिँडेको मान्छे। पार्टीका महासचिव। पोखरामा लगेर उपचार गर्ने स्थिति थिएन। समर्थक डाक्टर कोही थिएनन्। त्यतिखेर काठमाडौँमा डाक्टर भरत प्रधान पार्टी सम्पर्कमा हुनुहुन्थ्यो। भर्खर कलकत्ताबाट पढेर आउनुभएको थियो। हुन त त्यतिखेर अर्का अर्जुन कार्की पनि डाक्टरै हुनुहुन्थ्यो। सिन्धुपाल्चोकदेखि नै उहाँ पार्टी सम्पर्कमा हुनुहुन्थ्यो। हामीले भरत प्रधानलाई पत्र लेख्यौँ। बिरामीको स्थिति जानकारी गराउँदै औषधि लिएर पोखरा आउन भनियो।

दुई दिनपछि डाक्टर भरतले रूपाकोट आएर प्राथमिक उपचार गर्नुभयो। स्थानीयले घरेलु दबाइ खुवाउनुभयो। २२ दिनसम्म सुवेदीकै घरमा सीपीको घरेलु तथा डाक्टरी उपचार भयो। बेलाबेलामा आत्तिएर कराउनु हुन्थ्यो। आश्रय र वरपरको वातावरण राम्रो भएकाले केही कुरा खुलेन। यसमा स्थानीय पार्टीको ठूलो योगदान छ। केही समयको प्रतीक्षापछि उहाँलाई कलकत्ता उपचार गर्न पठाइयो।

सीपी बिरामी भएपछि हामीले दाङसिमाराङ भन्ने अर्को ठाउँमा पार्टी केन्द्रको बैठक सञ्चालन गऱ्यौँ। आवश्यक निर्णय भए। राजेन्द्र सुवेदी र उहाँको परिवार देवकला सुवेदी पार्टीका धेरै राम्रा साथी हुनुहुन्थ्यो। वरपर अरु पनि भरपर्दा साथीहरू थिए। दुईवटा छोराहरू सुरेन्द्र र ज्ञानेन्द्र सानै थिए। बाहिर खेल्दै सुरक्षाको काम गर्थे। राजेन्द्र अहिले हामीबीच हुनुहुन्न।

अहिलेको सुविधासम्पन्न स्थितिमा त त्यो घटना सानै हुन्थ्यो होला। तर देशको प्रतिकूल राजनीतिक परिस्थिति, साधन–स्रोतको अभाव र पार्टीको सम्पर्क एवं आधार पनि पातलो भएका बेला त्यतिबेला हामीलाई ठूलै आपत् परेको थियो। आश्रयदाता र गाउँका साथीहरूको आँट, हिम्मत र असल पार्टी भावनाले समस्या समाधान गर्न सकेका थियौँ। त्यतिखेर सहयोग गर्ने रूपाकोटबासी कमरेडहरूको योगदानलाई कहिल्यै कम मूल्याङ्कन गर्नु हुँदैन।

**मन्त्रीसँग झण्डै जम्काभेट**

म पञ्चायती निरङ्कुश सरकारको तातो लिस्टमा परेको मान्छे। कहिलेकाहीँ आश्रयमा बस्दा पनि अनेकन् समस्या आइपर्छ। कहिले नचाहिँदो मान्छेसँग भेट हुन्छ। कहिले राती मस्त सुतेका बेला प्रहरीका घेराउमा परिन्छ। एकदिन सुनकोशीमा पनि झण्डै त्यस्तै समस्या आइपऱ्यो। कुरा २०३८ सालतिरको हो। म सिन्धुपाल्चोकको लामोसाँघुस्थित सुनकोशी जलविद्युत्को कर्मचारी आवास क्षेत्रमा थिएँ। पिस्करमा पार्टीको बैठक भएकाले काभ्रेबाट त्यता पुगेको थिएँ।

विजयराज सुब्बा र चन्द्रमान तामाङ त्यही आवासमा बस्नुहुन्थ्यो। सुब्बा ताप्लेजुङ र तामाङ काभ्रे खोपासीको हुनुहुन्थ्यो। उहाँहरूको घर हाम्रो राम्रो आश्रय थियो। परिवार पार्टीका राम्रा सहयोगी हुनुहुन्थ्यो। त्यस घरमा अष्टलक्ष्मी शाक्य, माधव पौडेल र कहिलेकाहीँ अशोक राई पनि पुग्नुहुन्थ्यो। म राती आएर बसेको थिएँ। धेरै दिनदेखि लुगा धुन र नुहाउन पाएको थिइनँ। बिहान लुगा धोएर नुहाइसकेको मात्र के थिएँ, अचानक मन्त्री विजयप्रकाश थेवे परिवारसहित तातोपानी जाने गरी विजयराजको घरछेउ आइपुगे। मन्त्रीको सरकारी गाडी अतिथिगृहको प्राङ्गणमा रोकियो। त्यहाँबाट माथि पैदलै आउनु पर्थ्यो। मन्त्रीका साथमा पञ्च नेता, प्रहरी अधिकृतदेखि विभिन्न खाले मान्छे थिए।

मैले उहाँहरूलाई नआत्तिई उपाय खोज्ने भनेँ। विजयको घरको तल चन्द्रमानको कोठा थियो। नुहाएको मान्छेको भेषमा टाउकोमा एउटा रुमाल र जीउमा अर्को गम्छा

बेरेँ। सहज रूपमा चन्द्रमानको कोठमा पसेँ। सबैको ध्यान मन्त्रीको लावा–लस्करतिरै थियो। कसैले देखेनन्। म सुरक्षित भएँ।

विजयप्रकाश विजय सुब्बाका आफ्नै दाजु थिए। आफ्ना दाजु–भाउजू मात्र नभइ मन्त्रीसमेत भएकाले पाहुनालाई खुबाउन विशेष परिकारको खाना बन्यो। विजयकी माइली छोरी भूमिगत शैलीमा पोख्त थिइन्। उनले डालोमा खाना राखेर बगैंचामा साग टिप्न आएजसरी मलाई पनि त्यो खाना पुऱ्याइन्। दिउँसो मन्त्रीको टोली तातोपानीतर्फ लाग्यो, म राती १० बजेतिर पिस्करतिर लागेँ। यस्तै अनेकौँ जुक्ति गरेर हामीहरू भूमिगतकालमा बच्थ्यौँ। अहिले सुन्दा त्यो कथाजस्तो लाग्छ। तर हाम्रो पार्टी निर्माणको जग वास्तवमा यस्तै–यस्तै थियो।

**खिर तन्नामा पोको पारियो**

कुरा २०३८ सालतिरको हुनुपर्छ। वर्षातको समय थियो। अखिल नेपाल किसान सङ्घको केन्द्रीय तयारी समितिको बैठक पोखराको सुइखेतमाथि धिताल गाउँमा भयो। बैठक गण्डकी पार्टीको व्यवस्थापनमा भएको थियो। २०३७ फागुन १७ गते नवलपरासीको आरुङखोला धारेसिमल गाउँमा सङ्घ पुनर्गठन भएपछिको यो सम्भवतः दोस्रो बैठक थियो। त्यसबेला म किसान फाँटको इन्चार्ज थिएँ।

धिताल गाउँ जङ्गलका बीचमा थियो। वरपरका सबै बस्तीहरूमा हाम्रै समर्थक, सहयोगी थिए। बैठक पाँच दिनसम्म बस्यो। हाम्रो चलन अनुसार बैठक सम्पन्न भएको साँझ पार्टीले नै आश्रयदाता, सहयोगीसमेतलाई भेला गरेर बैठकमा भएका महत्त्वपूर्ण कुराहरू सुनाउने र हाम्रातर्फबाट उहाँहरू सबैलाई धन्यवाद दिने एवं रहँदा–बस्दा हाम्रा वर–व्यवहारमा केही तलमाथि भए आत्मालोचना गर्ने तथा अन्त्यमा स्थानीयले मिठो, मसिनो खुवाएर विदाबारी दिने परिपाटी थियो। हामीले त्यही गर्न खोजेका थियौँ।

कार्यक्रम सकिएर खाने समय हुँदै थियो। अचानक प्रहरीले गाउँ घेरा हालेको खबर आयो। साथीहरूले प्रहरी आए–नआएको यथार्थ बुझ्नुभन्दा पनि हतार–हतार कताबाट कता जान सकिन्छ बताउँदै तन्नामा खिर र भुटेको आलुको तरकारी पोको पारेर जङ्गलमा पठाउनुभयो। अग्लो डाँडामा बसेर खानेकुरा खायौँ र उज्यालो हुन लागेपछि आ–आफ्नो गन्तव्यतर्फ लाग्यौँ।

धिताल गाउँमा बैठक भएको १४/१५ वर्षपछि पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री कमरेड मनमोहन अधिकारीसहित पोखरा पुगेको थिएँ। चिप्लेढुङ्गामा नेपाल उत्पीडित जातीय मुक्ति समाजको राष्ट्रिय सम्मेलनको उद्घाटन सभा थियो। कास्कीका विभिन्न

ठाउँबाट महिला तथा अन्य साथीहरूको विशाल सहभागिता थियो। त्यसमध्ये पश्चिम–उत्तरपट्टिको भागमा अनुशासित ढङ्गले पङ्क्तिबद्ध महिलासहित एकै खालका साथीहरू देखिनुहुन्थ्यो। म त्यतैबाट मञ्चतर्फ जाँदै थिएँ। दुई–तीन जनाले मलाई छेकेर भन्नुभयो– बहुदल आएपछि नेता कमरेडहरूले तल बसेर काम गर्ने साथीहरूलाई बिर्सन थाल्नु भएजस्तो छ। पहिला जस्तो गाउँघरमा आउनु पनि हुन्न। यस्तै सभाहरूमा भेट हुने हो। हाम्रो नाम के हो भनेर हामी सोध्न त सोध्दैनौँ। तर हामी कतातिरका हौँला भन्न सक्नुहुन्छ ?' मलाई अप्ठ्यारो पर्‍यो। फेरि उहाँहरूले भन्नुभयो, 'तपाईं हाम्रो गाउँमा जानु पनि भएको छ।' मलाई केही सजिलो भयो। म कास्कीका धेरै गाउँमा गएको पनि थिएँ।

मनमा केही धुकचुकी राख्दै सहज रूपमा भनेँ, 'तपाईंहरू धिताल गाउँका साथीहरू हैन ? तन्नामा खिर पोको पारेर जङ्गलमा पुर्‍याएको तपाईंहरूमध्ये कसैले त हो नि Û' उहाँहरू खुसीले उफ्रिनुभयो। 'कमरेडहरूले भुल्नुभएको रहेनछ, बरु हामीहरूकै सोचाइ गलत रहेछ'– उहाँहरूले आत्मालोचनाको शैलीमा भन्नुभयो। कतिपय आश्रयका कुरा कहिल्यै नबिर्सने खालका हुन्छन्।

## आक्रोशमा महासचिवले बैठकै छाड्दा

२०३८/३९ तिर गण्डकी र धौलागिरिमा संयुक्त क्षेत्रीय कमिटी थिए। वामदेव गौतम प्रमुख हुनुहुन्थ्यो। २४–३१ साउन २०३९ मा पर्वतको कार्कीनेटा टिम्मुरबोटे गाउँमा केन्द्रीय कमिटीको बैठक भएको थियो। त्रिलोचन ढकाल त्यो क्षेत्रको प्रमुख हुनुहुन्थ्यो। उहाँको रेखदेखमा बोलनाथ उपाध्यायको अगुवाइमा किसान नेता तोयानाथ पाध्याको घरमा त्यो बैठक भएको थियो। बोलनाथ त्यसबेला अखिल नेपाल किसान सङ्घको केन्द्रीय नेता पनि हुनुहुन्थ्यो। वर्षाको समय थियो। राम्रो किसान जनाधार भएकाले खानपिनको खासै समस्या थिएन। मकवानपुरको फाखेल बैठकमा बाँकी रहेका विषय यसै बैठकमा टुङ्ग्याउने योजना थियो।

बैठकमा आठै जना केन्द्रीय नेता कमरेडहरू पुग्नुभयो। तर महासचिव समयमा पुग्नु भएन। लिन जाने साथीहरूले विभिन्न ठाउँमा खोज्नुभयो। भेट भएन। कसैसँग भेट नभएपछि सीपी मडुवाको विद्यालयमा बास बस्नुभएछ। भेटेपछि राती नै साथीहरूले उहाँलाई बैठकस्थलमा पुर्‍याउनु भयो।

कार्कीनेटा बैठकको एउटा घटना सधैँ सम्झना भइरहन्छ। त्यसबेला पार्टीको आन्तरिक जीवनमा गम्भीर समस्या देखापरेका थिए। सीपी र अरु कमरेडहरूका बीच

अन्तरविरोध बढिरहेका थिए। आफूले भनेको मात्र ठीक ठान्ने, अरुको सुझाव वा आलोचना सुन्नै नचाहने प्रवृत्ति उहाँमा बढ्दै थिए। राजनीतिक र वैचारिक छलफल ज्यादा हुने बैठकहरू त्यसपछि प्रायः घोचपेच, असमझदारी, भनाभन, गनगन र आक्रोशमा बित्थे। बैठकप्रति आकर्षण घट्न थालेको थियो।

एकदिन दिउँसो खाना खाएपछि सीपीका बारेमा आलोचना सुरु भयो। त्यतिखेर प्रायः बैठकमा एकअर्काका कमी–कमजोरीबारे आलोचना हुन्थ्यो। त्यसपछि सीपी यति आवेग र आक्रोशमा आउनुभयो कि हामी भूमिगत स्थितिमा छौँ भन्ने कुरालाई समेत बिर्सेर कसैको आग्रह पनि नसुनी दिउँसै बैठकबाट बाहिरिनु भयो। कसैले रोकेर रोकिनु भएन। निरङ्कुश काल छ। लुकेर केन्द्रीय कमिटीको बैठक हुँदैछ। कतैबाट सानो गोपनीयता खुले सम्पूर्ण पार्टी सङ्कटमा पर्ने जोखिम छ। यस्तो स्थितिमा उहाँलाई फर्काउन जान एकअर्कालाई भनियो। कोही तयार भएन। झापाकै भएकाले मुकुन्द न्यौपानेलाई भनियो। उहाँले पनि मान्नु भएन। त्यसपछि अन्त्यमा माधव नेपाललाई पठाइयो। उहाँले अलि मध्यस्थता गर्न सक्नुहुन्थ्यो। तल रङ्गेठाँटीमा पुगेर सीपीलाई फर्काइ बेलुकी बैठकमा ल्याउनुभयो।

एकाएक यति कसिलो भूमिगत शैलीमा बैठक बसेका अनुशासित कमरेडहरू दिउँसै कसैसँग नबोली बाहिर निस्केको देख्दा साथीहरू आश्चर्यमा पर्नुभयो। धेरै झगडा भएछ कि भनेर बैठक कक्षसम्म आउनुभयो। तर त्यसबेलाको पार्टीको अनुशासन, पार्टी नेतृत्वप्रतिको निष्ठा र विश्वासको कारण त्यो घटनाबारे कसैले कहीँ चर्चा गरेन। मनैमा पचाए। हिजो–आज भए त्यो ठूलो चर्चाको विषय बन्ने थियो।

## ओडार र गोठको सहारा लिँदै चीन भ्रमण

पार्टी भूमिगत थियो। निरङ्कुशकाल भएकाले खुला रूपमा चिनियाँ कम्युनिस्ट पार्टीसँग सम्बन्ध स्थापित गर्ने सम्भावना थिएन। त्यसैले हामीले भूमिगत रूपमा सम्बन्ध स्थापनाको अर्को बाटो अपनायौँ। यद्यपि, यो अत्यन्तै जोखिमपूर्ण थियो।

२०३५ सालपछि हाम्रो पार्टी नेकपा (माले) देशव्यापी हुँदै थियो। यी उपलब्धिहरू हाम्रो मिहिनेत र सङ्घर्षकै परिणाम थिए। त्यसबेला अन्तर्राष्ट्रिय सम्बन्धको नाउँमा भारतको मार्क्सवादी–लेनिनवादी पार्टीबाहेक अरुसँग सम्बन्ध थिएन। २०३८ सालमा पार्टीको पोलिटब्युरोले चीनको कम्युनिस्ट पार्टीसँगको पुरानो सम्बन्धलाई जोड्ने अर्थात् नवीकरण गर्ने निर्णय गऱ्यो। यसका निम्ति सम्भाव्यताको खोजी र सुरक्षित नाकाको अध्ययन गर्ने जिम्मेवारी मलाई दिइयो। त्यसबेलाको परिस्थितिमा यो अत्यन्त

भारी जिम्मेवारी थियो। मैले सीमा पार गर्ने सुरक्षित नाकाको खोजी गर्न कहिले 'घाँस विशेषज्ञ' र कहिले 'पशु विशेषज्ञ' को रूपमा उत्तरी क्षेत्रहरूको भेडा, भैंसी र चौरी गोठहरूको सहारा लिँदै सुरक्षित बाटोको अध्ययन गरेँ। गोठका मान्छेले विश्वास गरेर केही खान र बस्न दिन्थे। अन्यथा भोकभोकै हिँड्नु पर्थ्यो।

एकातिर अत्यन्त विकट हिमाली भीरपाखा पार गर्नुपर्ने र अर्कोतिर भ्रमणको उद्देश्य गोप्य राख्नुपर्ने भएकाले काम अप्ठ्यारो थियो। यसमाथि आफैँ सरकारले कडा खोजी गरेको मान्छे भएकाले मलाई यो काम गर्न सहज थिएन। खानपिन र जाडोमा लाउने साधनको अभाव थियो। जतिसुकै क्रान्तिकारी उत्साह भए पनि जो–कसैले यो काम गर्न सक्दैनथे। हाम्रो यस उद्देश्यबारे पोलिटब्युरोका कमरेडहरू बाहेक कसैलाई थाहा थिएन। यात्रामा कसैलाई थाहा नदिई सुटुक्क जानुपर्ने भएकाले फर्केर आइन्छ आइन्न कुनै ठेगाना हुँदैनथ्यो। जे भए पनि पार्टीको हित सम्झेर ६–७ महिनाको कठोर प्रयत्न गरेपछि चीनसँग सम्बन्ध स्थापित गर्ने हाम्रो उद्देश्य सफल भयो।

चिनियाँ कम्युनिस्ट पार्टीसँग हाम्रो सम्बन्ध पुरानो हो। चिनियाँ कम्युनिस्ट पार्टीसँग २००८ सालसम्म नेकपाको औपचारिक सम्बन्ध थियो। नेकपामाथि प्रतिबन्ध लागेपछि २०१० सालमा पार्टीका तर्फबाट अत्यन्त खतरा मोल्दै गौरीभक्त प्रधानले मुस्ताङको बाटो बेइजिङ पुगेर चीनको पार्टीसँगको पूर्वसम्बन्धलाई जोड्नुभएको थियो। पार्टीमाथिको प्रतिबन्ध हटेपछि २०१३ सालमा मनमोहन अधिकारीको नेतृत्वमा एउटा टोली चिनियाँ कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनमा भाग लिन बेइजिङ गएको थियो। स्थापित सम्बन्धलाई अझ घनीभूत बनाउन २०१६ सालमा चिनियाँ गणतन्त्र दिवसको उपलक्ष्यमा कमरेड पुष्पलालको नेतृत्वमा अर्को टोलीले चीन र सोभियत रुसको भ्रमण गरेको थियो। उहाँ चीन गएका बेला कमरेड माओत्सेतुङले उपहार प्रदान गरेको ओभरकोटका बारेमा पार्टीमा पछिसम्म चर्चा चल्थ्यो।

२०१७ सालमा राजाले गरेको तानाशाही कदमपछि नेपालका सम्पूर्ण राजनीतिक पार्टीहरू प्रतिबन्धित भए। त्यसपछि चिनियाँ कम्युनिस्ट पार्टीसँगको नेकपाको भाइचारा सम्बन्ध पनि टुटेको थियो। अर्कोतिर २०१९ सालपछि नेकपा पनि अनेकौँ समूहमा विभाजित भयो। २०३८ को वैशाख अन्त्यतिर भूमिगत रूपमा नेकपा (माले) को पहिलो टोली बाह्रबिसे, दोलखा, ठिङसानको विकट हिमाली बाटोहरू पार गर्दै तिब्बतको झाङमु (खासा) बाट बेइजिङ पुग्यो। कमरेड सीपी मैनाली र ईश्वर पोखरेललाई बेइजिङबाट आएको प्रतिनिधिसँग भेट गराएपछि म २ दिनपछि झाङमुबाट नेपाल फर्कें।

अर्को वर्ष २०३९ वैशाख २२ मा हाम्रो पार्टीको अर्को टोली फेरि बेइजिङ भ्रमणमा गयो। हामीले ल्हासा, सिगात्छे, सिचुआन, बेइजिङ, नानकिङ, हुनान र साङहाई आदिको भ्रमण गर्‍यौँ। बेइजिङमा चिनियाँ कम्युनिस्ट पार्टीका उच्चस्तरीय नेताहरूसँग हाम्रा दुई मुलुक र दुई पार्टीका हितबारे महत्त्वपूर्ण वार्ता भयो। यसले दुई पार्टीबीचको आपसी सम्बन्धलाई अझ प्रगाढ बनायो, जुन आजसम्म निरन्तर छ।

पूर्वयोजना अनुसार हाम्रो यात्रा काठमाडौँबाट मुडे, कालिञ्चोक, देउढुङ्गा, चुङचुक हुँदै स्योल्मुगिरीबाट झाङमु पुगेका थियौँ। दुई दिन छयोकसुममा बसेर ल्हासा हुँदै बेइजिङ गएका थियौँ। त्यसमा माधव नेपाल, जीवराज आश्रित र म थियौँ। हामीले सीमा पार गर्न कहिले ओडार, कहिले चौंरी गोठहरूको सहारा लिँदै सम्झी नसक्नुका कष्ट झेल्दै सीमा पार गरेका दिनहरू अझै बिर्सेको छैन। खानेकुरा भनेजस्तो थिएन। शङ्कास्पद मान्छेहबाट छलिएर हिँड्नु पर्थ्यो। बिर्सनै नसकिने कुरा त पहिला बाटो पत्ता लगाउने क्रममा मैले एक्लै यात्रा गरेँ। यसरी यात्रा गर्ने क्रममा कति दिन ओडार र जङ्गलमा एक्लै केवल ‘हलहले साग‘ मात्र खाएर बसेको छु। कहिले अत्यधिक हिउँका कारण ओडारमा बास हुन्थ्यो। दुःखमा प्रयोग गरेको ठिङ्सान भन्दा परको त्यो ओडारको अहिले पनि सम्झना मलाई ताजै छ।

सुविधाजनक राहदानी प्रयोग गरेर विदेश भ्रमण गर्ने आजको युगमा ४२–४३ वर्षअघिका यी कुराहरू दन्त्यकथाजस्ता लाग्न सक्छन्। गरिब जनताको झुपडीमा खोले फाँडो खाँदै लुकेर बसेका हामी भूमिगत मान्छेहरू एकैचोटि जेट विमान चढेर विशिष्ट पाहुनाका रूपमा चीनजस्तो समाजवादी मुलुकको भ्रमण गर्न पाउनु अर्को रोमाञ्चक, ऐतिहासिक र अविस्मरणीय घटना थियो। चिनियाँ कम्युनिस्ट पार्टीसँग नेकपा (एमाले) को सम्बन्ध उपर्युक्त पृष्ठभूमिमा धेरै दुःख र सङ्घर्षबाट परिक्षित र स्थापित सम्बन्ध हो, जसलाई दुवै देशका पार्टीले कहिल्यै बिर्सन सक्दैनन्। यो भाइचारा सम्बन्ध दुई पार्टी र दुई मुलुकका हितमा सधैँ फलदायी बनिरहनेछ।

**गौर जेलमा तीन घण्टा**

भूमिगत मान्छे जेलमा भन्दा अलि अपत्यारिलो जस्तो लाग्छ। यो काम दुस्साहसी जस्तो पनि देखिन्छ। तर २०४० को फागुनमा जीवराज आश्रित र म गौर जेलमा पस्न पुग्यौँ। त्यहाँ मोदनाथ प्रश्रित हुनुहुन्थ्यो। जतिसुकै जोखिमपूर्ण भए पनि पार्टीको हितमा त्यो काम गरी छाड्यौँ। विभिन्न जेलमा रहनुभएका पार्टीका नेताहरूलाई सीपीले पार्टीको आन्तरिक विषयमा एउटा पत्र लेख्नु भएछ। त्यसले जेलमा रहेका कमरेडहरूमा

पार्टीप्रति धेरै भ्रम सिर्जना भयो। पोलिटब्युरोले त्यो भ्रम हटाउन हामीलाई जेल पठाउने निर्णय गऱ्यो। त्यसै सन्दर्भमा हामी गौर जेल गएका थियौँ।

पिस्कर हत्याकाण्ड भएको दुई महिना पनि पुगेको थिएन। देशका विभिन्न ठाउँमा विरोधहरू भइरहेका थिए। राज्य प्रशासनले मेरो खोजी तीव्र बनाएको थियो। हामीसँग कुरा नगरी प्र्रश्रितले चित्त नबुझाउने खबर आयो। त्यसैले त्यहाँका प्रहरी प्रशासन कतातिरका छन्, केही सूचना बुझेर हामी त्यता गएका थियौँ।

जेल प्रशासक चितवनका डिल्लीराम खरेल रहेछन्। उनी उदार भावनाका प्रजातान्त्रिक मानिस भएको हामीले बुझ्यौँ। प्रश्रितलाई हामीले मामाका छोरा भन्यौँ। केही गम्भीर घरायसी समस्या परेकाले छुट्टै भेटाइदिन आग्रह गऱ्यौँ। उनले पहिला आफ्नै कार्यालयमा र त्यसपछि जेल कम्पाउण्डको चौरमा बस्ने व्यवस्था गरिदिए। त्यो स्थान सुरक्षित लागेन। केही तर्कसहित अर्को व्यवस्था गर्न पुनः आग्रह गऱ्यौँ। अन्त्यमा उनले हामीलाई प्रश्रितलाई थुनेको कोठामा लगे र प्रहरीलाई भनेर बाहिरबाट ताल्चा लगाइदिए। हामी केही शङ्का र भयकै स्थितिमा त्यहाँ गयौँ। करिब तीन घण्टा लामो छलफल गरियो। निस्कने बेला कतै हामीलाई पनि त्यतै राख्छन् कि भन्ने दुवै जनाको मनमा शङ्का थियो।

बाहिर निस्कने बेलामा जेलरले हामीलाई आफ्नो कार्यकक्षमा चिया पिउन बोलाए। हामी हतारमा त्यहाँबाट निस्कने प्रयत्नमा थियौँ। तर पञ्चायती निकृष्ट राजमा पनि यति ठूलो सहयोग गर्ने मान्छेको आग्रह नमान्ने कुरै भएन। कार्यकक्षमा बसेर चिया पिउने क्रममा खरेलजीले हामीलाई मसिनो गरी पिस्कर हत्याकाण्ड र खासगरी मेराबारेमा विभिन्न कुरा गर्न थाल्नुभयो। हाम्रो मन झस्कियो। हामीले भन्यौँ, 'हामी शिक्षक मान्छे, केही थाहा छैन। पिस्करबारे हामीले मातृभूमि पत्रिकामा पढेका हौँ।' त्यसो भन्दा उनी मुसुक्क हाँसे। हतार–हतार चिया सक्दै हामीले सहयोगको निम्ति धन्यवाद दिएर बिदा माग्यौँ।

हामीले पछि थाहा पायौँ, खरेलजी प्रश्रितका व्यवहारबाट धेरै प्रभावित रहेछन्। हामी गएपछि प्रश्रितलाई भनेछन्– 'आफूलाई शिक्षक भने पनि उहाँहरू राजनीतिक नै मान्छे हो भन्ने लागेको छ। मैले यस्तो ठाउँमा त्योभन्दा धेरै सहयोग गर्ने ठाउँ थिएन।' जेलबाट छुटेर आएपछि प्रश्रितले यो कुरा सुनाउनुभएको थियो। यसरी हामीले सङ्कटका बेला जेललाई पनि क्षणिक आश्रयका रूपमा प्रयोग गरेका थियौँ।

## मनै दुखाउने घटनाः दुध बाँदरले लग्यो

अष्टलक्ष्मी शाक्य भूमिगत हुनुहुन्थ्यो। साथमा सानी छोरी आस्था थिइन्। उहाँ काठमाडौंको लगनस्थित सेल्टरदाता आमा राममाया श्रेष्ठको कोठामा हुनुहुन्थ्यो। त्यसबेला पार्टीमा ठूलै आर्थिक समस्या थियो। मुस्किलले धेरै जोहो गरेर किनेको आङकोरिया दुधको बट्टा मैले दुई दिनअघि लगिदिएको थिएँ। हामी लेवीको पैसा सकेसम्म निजी काममा खर्च गर्दैनथ्यौं।

दिउँसोको समय थियो। कोठामा जीवराज आश्रित र म बातचित गरिरहेका थियौं। नानीलाई दुध बनाउने तयारीमा अष्ट हुनुहुन्थ्यो। कोठाको झ्याल खुला थियो। अचानक एउटा जङ्गी बाँदर आएर दुधको बट्टा लिएर गयो। नानी दुध–दुध भनेर रुन थालिन्। उनको बोली तोते थियो। हामीसँग अर्को दुध किन्ने पैसा पनि थिएन। आश्रयदाता आमा पनि विपन्न वर्गकै हुनुहुन्थ्यो। सबैको मन कुँडियो। हामीलाई भन्दा त्यो घटनाले कमरेड आश्रितको मन धेरै कुँडियो। सहनुको विकल्प थिएन। पार्टी र क्रान्तिका सामु त्यो घटना अत्यन्त सामान्य थियो। तर एउटा अबोध बालिकाको इच्छा कुण्ठित गराएकामा लामो समयसम्म हामीलाई ननिको लाग्यो र मन दुखाइरह्यो।

## नुनसरीले झण्डै बगायो

२०४१ साउन महिनाको कुरा हो। झलनाथ खनाल नेकपा (माले)को महासचिव हुनुहुन्थ्यो। मोरङको उत्तरी गाउँ रमिते टाँडीमा केन्द्रीय कमिटीको बैठक थियो। टाँडी पार्टीको पुरानो जनाधार भएको, वनजङ्गल, डाँडाकाँडा र खोल्सा–खोल्सीले भरिएको सुरक्षित तर विकट ठाउँ रहेछ। यो बैठक मदन भण्डारीको पहल र व्यवस्थापनमा भएको थियो। उहाँ त्यतिखेर कोशीको प्रमुख हुनुहुन्थ्यो। त्यही बैठकबाट पिस्कर हत्याकाण्डपछि मलाई मेची पठाइएको थियो।

उर्लाबारीमाथिको एक जना शिक्षक कमरेडको घरमा चाम्रे खाजा खाएर बेलुकीपख हामी रमितेतर्फ लाग्यौं। साथमा बाटो देखाउने शिक्षक र साथमा झलनाथ खनाल, प्रदीप नेपाल र म थियौं। नुनसरी खोलामा बाढी आएको रहेछ। झलनाथलाई शिक्षक र मैले डोऱ्याएका थियौं। नदीको बीचमा पुगेपछि एकोहोरो पानीमा हेरेकाले उहाँलाई रिङ्गटा लागेछ। उहाँले हातखुट्टा छोड्नुभयो। दुवैतिर समातेर नदी तार्दै थियौं। नदीले झण्डै आधा किलोमिटरजति बगायो। नदीमा आत्तिनु हुँदैन भन्ने हामीलाई थाहा थियो, तर पनि आत्तियौं। मुस्किलले पार गऱ्यौं। त्यसलाई अहिले बक्राहा पनि भनिन्छ।

पहाडी भागमा प्रवेश गरेपछि चिसाङ खोला तर्दै उकालो लागियो। पानी पऱ्यो। चारैतिर कुहिरो लागेकाले बाटो भुलियो। यो डाँडाबाट त्यो डाँडा गर्दागर्दै झण्डै रात बित्यो। सबैतिर प्रायः मकैबारी थिए। दुम्सी र बाँदरबाट जोगाउन एउटा मकैबारीमा किसानले बनाएको 'खोल्मे' छाप्रो रहेछ। घुम्दै त्यहीँ पुगियो। 'यति राती को हो ?' किसान कराए। हामीले 'धनकुटा बुधबारे हिँडेको, बाटो भुलिएर दुःख पायौँ' भन्यौँ। उनी राई थरका किसान रहेछन्। आफ्नो गाउँमा बैठक हुँदै गरेको थाहा रहेछ। हामीलाई देख्दा पार्टीका मान्छेजस्तो त लागेछ। तर राम्ररी नचिनी विश्वास गर्ने कुरा भएन। अरु कोही दलालहरू पनि बुझ्दै हिँडेका हुन सक्छन् भनेर धेरै केरकार गरे। खराब मान्छे होइन भन्ने पक्का भएपछि राती नै बारीबाट हरियो मकै पोलेर खान दिए। जाडो पनि भयो, आगो बालिदिए। बाँसको ढुङ्ग्रोबाट पानी ल्याएर फिका चिया बनाए। त्यो भेगमा पानीको सट्टा चिया दिने आमचलन रहेछ।

एकैछिन बस्दै गर्नुस् है भनेर उनी निस्किए। आधी घण्टा जतिपछि एक जना साथी लिएर आए। रातभरि दुःख पाए पनि सुरक्षित सम्पर्क आश्रममा पुग्यौँ। सबै कमरेडहरू खुसी हुनुभयो। बिहानैबाट बैठक सुरु भयो। त्यसबेला औपचारिक बैठकभन्दा पहिला एकैछिन एकअर्काका दुःख–सुख, सञ्चो–बिसञ्चो, बाटोमा आइपरेका समस्या आदिबारे सोधपुछ हुन्थ्यो। घर–परिवारका बारेमा उत्तिसारो छलफल हुँदैनथ्यो। एकछिन मनका कुरा पोख्न पाए त्यतिखेर सबैलाई आनन्द आउँथ्यो। राती बैठक सकिएपछि किसानहरू भेला हुन्थे। पार्टी र राजनीतिका कुरा हुन्थ्यो। जनवादी गीतहरू गाएर सुनाइन्थ्यो। हामी त्यो ठाउँमा ६/७ दिन बस्यौँ होला। त्यो घर तिलकुमार राईको रहेछ। गाउँमा प्रायः राई र मगरहरूको बसोबास रहेछ। धेरै रमाइलो लाग्यो। दिउँसै बाहिर निस्कन पाइने। सबैतिर हाम्रै समर्थक थिए। किसानहरूले हाम्रो बैठकलाई बलियो सुरक्षा दिए। किसानहरूले जोरजम्मा गरेर सकेसम्म राम्रो खानपिनको व्यवस्था गरे। महिला, पुरुष, बुढाबुढी, केटाकेटी सबैमा सहयोगको भावना थियो। त्यो गाउँ र आश्रयलाई म कहिल्यै बिर्सन सक्तिनँ। गाउँको डिलैमा एउटा ढुङ्गाको रमिते डाँडा रहेछ। त्यहाँबाट चारैतिर देखिने भएकाले गाउँको नामै रमिते भएछ।

### सर्पले गोडा चाट्यो

पार्टीको पकड भएको ठाउँ नवलपरासीको भिउरानमा २०४१ सालमा केन्द्रीय कमिटीको बैठक भयो। बैठक ईश्वरी पाण्डेको घरमा बसेको थियो। अहिले उहाँ हुनुहुन्न। खाने, बस्ने, सुरक्षा लगायत कमरेडहरूको जिम्मा थियो। भूमिगत समयमा

जिम्मेवार नेताहरू एक ठाउँ भेला हुने र बैठक आयोजना गर्ने कुरा सजिलो थिएन। प्रहरी, प्रशासन, दलाल र अनेकौँ कुराबाट जोगिनु पर्थ्यो।

बैठक सकिएपछि गरिएका राजनीतिक, साङ्गठनिक निर्णयहरूलाई अन्तरपार्टी निर्देशन (अपानि) का रूपमा त्यसैबखत जारी गर्ने प्रचलन थियो। त्यसका निम्ति हिजोआजजस्तो टाइप वा लिथोको व्यवस्था थिएन। त्यसैले राम्रा अक्षर भएका कमरेडहरूले 'कार्बन पेपर' राखेर डटपेनले लेख्ने र सबै केन्द्रीय सदस्यहरूले एकएक प्रति आ–आफ्ना क्षेत्रमा लाने गरिन्थ्यो। राम्रा अक्षर भएकामध्ये म पनि पर्थें।

भिउरानको बैठक राती सकियो। गर्मीको समय थियो। टुकी बालेर हामी तीन/चार जना अपानि लेख्दैथ्यौँ। पटक–पटक मेरो खुट्टामा बरफजस्तो चिसो अनुभव भइरह्यो। सुरुमा वास्ता गरिएन। हेऱ्यो, केही देखिँदैन। लेख्न थाल्यो, फेरि चिसो आउँछ। के हो भनेर कुर्कुच्चा अलि वर सारेर हेरेको त भित्ताको प्वालबाट करेत साँपको जिब्रोले पो मेरा खाली खुट्टा चाट्दो रहेछ। सर्पले म चलमलाउँदा जिब्रो भित्र र लेख्न थालेपछि बाहिर निकाल्दो रहेछ। संयोग टोकिहाल्न भ्याएन। साथीहरू आत्तिनुभयो। भिउरान विषालु करेत पाइने ठाउँ रहेछ। साथीहरूका सतर्कताले बचियो। भूमिगतकालमा भएका बैठकमध्ये यो बेग्लै अविस्मरणीय घटना थियो।

**नेत्रलालको ज्यानै गयो**

पार्टी कामका निम्ति आश्रय अत्यावश्यक हुन्छ। हामीले भूमिगतकालमा उचित आश्रयको अभावमा एक जना होनहार कमरेडलाई सधैँका लागि गुमाउनु पऱ्यो। त्यस घटनाले हामीलाई सधैँ चिमोटिरहन्छ।

कमरेड नेत्रलाल पौडेलको साहित्यिक नाम 'अभागी' हो। उहाँ हाम्रो पार्टीका अत्यन्त निष्ठावान् खम्बा हुनुहुन्थ्यो। धनी किसान वर्गबाट आउनुभए पनि उहाँको जीवनशैली सामान्य थियो। दाङ जिल्लामा व्याप्त सामन्ती शोषण र अत्याचारविरुद्धको किसान आन्दोलनमा उहाँको विशेष योगदान रहेको छ। सुरुमा नेकपा (पुष्पलाल) समूह, त्यसपछि नेकपा (चौम) र अन्तिममा नेकपा (माले)मा आबद्ध कमरेड अभागी केन्द्रीय कमिटी सदस्य हुनुहुन्थ्यो।

एकपटक दाङकै कुनै एक ठाउँबाट अर्को ठाउँमा जाने क्रममा एउटा निर्जन जङ्गलमा बेहोस पर्नुभएको कुरा उहाँले सुनाउनु हुन्थ्यो। उहाँलाई उच्च रक्तचापको रोग थियो। संयोगवश बाटोमा हिँड्ने कुनै बटुवाले भेटाएछन्। नचिनेको भए पनि मानवीय नाताले अर्का कुनै किसानका घर लगेर आश्रय दिएछन्। केही दिनमा घरेलु उपचार

गरेर पठाएछन् । यदि त्यति राम्रो भावना भएको सहयोगी मान्छे नभएको भए त्यसैबेला उहाँको जीवन धरापमा पर्न सक्दथ्यो । उदयपुर बसाहा गाउँमा भएको केन्द्रीय बैठकमा आएका बेलामा यो कुरा बताउनु भएको थियो ।

२०४१ जेठ ६ गते सिराहाको बुढियाचापको भूमिहीन मुस्लिम बस्तीमा पार्टी केन्द्रीय कमिटीको बैठक राखिएको थियो । उहाँ त्यो बैठकमा आउनुपर्ने थियो । सम्पर्क सूत्रमा समयमा पुग्नु भएन । बैठक रोकेर उहाँलाई पर्खियो । उहाँ अत्यन्त अनुशासित नेता, जस्तोसुकै स्थितिमा पनि बैठक छोड्नु हुन्नथ्यो । तर यस बैठकमा नआएपछि हामी धेरै चिन्तित भयौँ। पछि दाङतिर बुझ्दा जेठ ५ गते एउटा आश्रयबाट हिँडेको भन्नेसम्म सूचना आयो । त्यसपछि झन् ठूलो आशङ्का र अन्योल सिर्जना भयो ।

केही समयपछि पार्टीले उहाँको खोजीका निम्ति वामदेव गौतमको नेतृत्वमा 'खोजबिन कमिटी' बनायो । उहाँहरूले लामै समय खोजतलास गरेपछि अस्थिपञ्जर मात्र भेटिएको प्रतिवेदन पार्टीमा दिनुभयो। उहाँ सिरहामा हुने केन्द्रीय कमिटीको बैठकमा आउँदै गर्दा दाङको थरिकोटफेदी बौराहा गाउँको सुकेखोलामा पुग्दा बेहोस भएको र सम्भवतः त्यहीा निधन भएको प्रतिवेदन दिइयो । यदि कतै सुरक्षित आश्रयमा भएको भए उहाँको त्यस्तो दुःखद अन्त्य हुने थिएन ।

धेरैपछि वनजङ्गल गर्नेले मान्छेको एउटा अस्थिपञ्जर देखे। गाउँमा हल्ला भयो। थारु समुदायको 'गुरुवा' (धामी)ले आफ्नो तान्त्रिक प्रयोजन निम्ति खप्पर घर ल्याए। छानबिन गर्न गएका कमरेडहरूले स्थानीय साथीहरूको सहयोगमा सो खप्पर हात पार्नुभयो। त्यसलाई अनेकौँ तथ्यबाट पहिचान गर्न खोजियो। अन्ततः त्यो नेत्रलालकै भएको ठहर भयो। त्यसपछि २०४१ पुस ११ गते राती बबई नदीको किनारमा भेला भएर नेकपा (माले) को झण्डा राखेर स्थानीय रूपमा श्रद्धाञ्जलीसहित अन्तिम बिदाइ गरियो । उहाँको दुःखद निधन भएको विषयमा २०४१ पुस ९ मा सम्पन्न भएको केन्द्रीय कमिटी बैठकले लामो शोक–प्रस्ताव पारित गर्दै देशभरि नै श्रद्धाञ्जली कार्यक्रम गर्ने निर्णय गरेको थियो । (अपानि–१९)

यस घटनाले त्यसबेलाको दर्दनाक स्थितिको झल्को दिन्छ। १२–१४ घण्टा नहिाडी आश्रयमा पुग्ने स्थिति हुँदैनथ्यो । यस्तो अवस्था रोग बिमार लागेको भूमिगत कमरेडहरूका निम्ति ज्यादै कष्टदायक हुन्थ्यो । आफ्नो घर छोडिएको छ । दुःख पोखुँ, आफौले रोजेको सङ्घर्षको बाटो। भूमिगत जीवनका कुराहरू संस्मरण गर्दा अहिले पनि धेरै भावविभोर बनाउँछ । यत्रो त्याग र बलिदान गरेर बनाएको पार्टी र प्राप्त गरेको लोकतान्त्रिक राजनीतिक उपलब्धि अहिले अनेकौँ स्वार्थ र विकृतिका कारण कताकता

धरापमा पर्न खोज्दैछ। तसर्थ अग्रजहरूका आदर्श र विगतका समर्पणबाट प्रेरणा लिादै पार्टीमा कम्युनिस्ट आदर्श स्थापित गर्नुपर्छ।

**याङ्वेनको स्वाद अझै बिर्सेको छैन**

पाँचथरमा पहिला हाम्रो स्थिति कमजोर थियो। झापाबाट इलाम र ताप्लेजुङ धेरै हिाडिरहनु पर्थ्यो। हामीसँग पैसा हुँदैनथ्यो। भइहाले पनि बाटोमा खाने, बस्ने ठाउँ थिएनन्। १०, १२, १५ घण्टा हिाडेपछि मात्र एउटा एउटा आश्रय भेटिन्थ्यो। आलु उसिनेर, हरियो मकै पोलेर त कहिले चिउराले गुजारा गर्नु पर्थ्यो।

२०४२ सालपछि कालिदास श्रेष्ठलाई पाँचथर पार्टी काम गर्न पठाइयो। उहाँ धेरै दुःख गर्न सक्ने पार्टीका सङ्गठक हुनुहुन्थ्यो। तर त्यता राम्रो जनाधार नभएकाले बस्ने, खाने समस्या नै प्रमुख थिए। सम्पर्कमा प्रायः शिक्षक र गरिब किसान हुन्थे। त्यसैले लेबी शुल्क राम्रो हुँदैनथ्यो।

याङ्नामको लुवाफुमा पहाड जाँदा र आउँदा बस्ने एउटा राम्रो आश्रय थियो। प्रदीप नेपाल, देवराज घिमिरे, कुलप्रसाद उप्रेती लगायत साथीहरू त्यहाँ बस्नुभएको छ। म धेरै पटक त्यहाँ पुगेको छु। घर बाटो छेउमा नै थियो। एकान्त स्थान भएकाले सुरक्षित लाग्थ्यो।

गोपीप्रसाद जबेगु पार्टी कमरेड हुनुहुन्थ्यो। उहाँकी श्रीमती नपढेकी किसान भए पनि पार्टी भावना धेरै राम्रो थियो। छोराहरू युवा नै थिए। खेती किसानीमा निर्भर हुनाले पैसाको दुःख नहुने कुरै भएन। भूमिगत कालमा आश्रयमा कतिखेर को आउने हुन्, थाहा हादैनथ्यो। दुई–तीन महिनामा एकपटक त कोही न कोही पुगेकै हुन्थ्यो। घर सानो थियो। अँगेनावरिपरि नै सुत्नु पर्थ्यो। परिवारको आर्थिक अवस्था कमजोर थियो। तर पार्टीप्रतिको भावना साह्रै राम्रो। आउने, जानेप्रति अत्यन्त हार्दिक व्यवहार। पार्टीको प्रगतिबारे धेरै नै चासो राख्नु हुन्थ्यो। बल्लतल्ल घरमा आएका कमरेडलाई राम्रो खाना र तिहुन तरकारी दिन नसकेकामा चित्त दुखाइरहनु हुन्थ्यो। हामी उहाँलाई सम्झाउँथ्यौँ। आधै रातमा पुगे पनि साथीहरूलाई स्वागत, सत्कार गर्नुहुन्थ्यो। उठेर लालसलाम भन्दै हात मिलाउनु हुन्थ्यो। परिवारले पनि कुनै झिाजो–झर्को मान्दैनथ्यो। जानासाथ गिलासभरि नुन राखेको चिया दिनु हुन्थ्यो। चिया कहिले आफ्नै बारीको सुकाएर बनाएको हुन्थ्यो भने कहिले खस्रुको खोटोको। कहिले मकैको च्याँख्ला, कहिले उसिनेको चामलको भात, कहिले ढुङ्गाको तावामा पोलेको कोदो वा गहुँको बाक्लो

रोटी त कहिले कोदोको ढिडो। त्यो पनि नहुँदा कोदोको खोलेमा रात कटाउँथ्यौँ। खानेकुरा भन्दा पनि उहाँहरूको वर्गीय माया नै काफी हुन्थ्यो।

कतिखेर कोको आउनु होला भनेर अँगेनामाथि 'सरङ' मा कहिले राँगा र सुँगुरको मासु सुकाएर राखेको हुन्थ्यो। कहिले जङ्गली च्याउ र सिस्नुको साग जगेडा राखेको हुन्थ्यो। मैले त्यो आश्रयमा बस्दा कहिल्यै नबिर्सेको एउटा तरकारी छ। त्यो 'याङ्वेन' भन्ने जङ्गली झ्याउ हो। त्यो लेकतिर चुथ्रो, कटुस र मौवाको रुखमा पाइन्छ रे ! घरमा ल्याएर खरानीमा उसिनेर सुकाउँदा तरकारी खानयोग्य हुँदो रहेछ। लिम्बु भाषामा त्यसलाई याङ्वेन भनिादो रहेछ। सम्पन्न धनीहरूले त खान्छन् खाँदैनन्। तर गरिब किसानहरूले खाँदा रहेछन्। 'आज याङ्वेन मात्र छ, खाऊा है कमरेड !' जवेगुको श्रीमतीले भन्नुहुन्थ्यो। मलाई ३९/४० वर्षपछि पनि त्यसको नाम र स्वाद अझै सम्झना भइरहेको छ।

**डरलाग्दो सीआईडी काण्ड**

पार्टीमा कुनै बेला नसोचेको समस्या आउँथे। डरलाग्दा घटनाहरू घट्थे। उच्च राजनीतिक सचेतना र पहलद्वारा जतिसुकै गम्भीर घटनाको पनि समाधान गर्दथ्यौँ। २०४१ पछि म मेचीमा थिएँ। कमरेड मदन भण्डारी कोशीमा। हाम्रो पूर्वाञ्चल ब्युरो थियो। महत्त्वपूर्ण कामहरू गर्नुपर्दा ब्युरोमा सल्लाह गथ्यौं।

सुनसरीको बाँझो मधेली भन्ने गाउँमा पार्टीले दुईदिने प्रशिक्षण कार्यक्रम राखेको थियो, सायद २०४२ साल फागुनमा। त्यो घर सन्तलाल चौधरी कमरेडको थियो। पार्टीका अगुवा कार्यकर्ताको उत्साहपूर्ण सहभागिता थियो। मदन भण्डारी र म प्रशिक्षक थियौँ। त्यसबेला मदनलाई बर्बरिक र मलाई अमरसिंह भनिन्थ्यो।

पदम चुँडाल मोरङ जिल्ला पार्टीका सचिव थिए। सचिवको नाताले उनी कार्यक्रममा सक्रिय थिए। उनी त्यसबेला पञ्चायती सरकारको गोप्य योजना मुताबिक हाम्रो पार्टीविरुद्ध गुप्तचरी काममा सक्रिय रहेछन्। सानातिना घटनालाई ख्याल नगरी 'नेतृत्वको महत्त्वपूर्ण शक्ति'लाई एकसाथ धरापमा पार्ने तिनीहरूको रणनीतिक योजना रहेछ। त्यो हामी कसैलाई थाहा भएन। चुँडालकै गोप्य पहलमा मेची र अन्यत्र पनि यो कामका लागि 'एजेन्ट' तयारी गरिरहेका रहेछन्। राजनीतिक सक्रियता राखेजस्तो गर्दै मूल नेतृत्वको वरिपरि पुग्ने र त्यहीबाट सबै t\t\पूर्ण सूचना जम्मा गरी 'माथि पठाउने' योजना भएको रहस्य पछि मात्र थाहा पाइयो।

सुनसरीको प्रशिक्षण सकिएको केही समयपछि चुँडाल काठमाडौँ आएछन्। काठमाडौँको बागबजारमा अनेरास्ववियुका भक्तबहादुर कन्दङ्वा नामका एक इमानदार विद्यार्थीको कोठा थियो। उहाँसँगै कुलबहादुर तुम्बाहाम्फे पनि बस्नुहुन्थ्यो। पार्टीका नेताहरू पनि आउँदा–जाँदा त्यहाँ बस्ने गर्नुहुन्थ्यो। चुँडाल पनि 'पार्टीको विशेष काम छ' भनी त्यहाँ केही दिन बसेछन्। उनी दिउँसो केही नगरी राती–राती सबै सुतेपछि केही लेखिरहेका देखिन्थे। त्यसबेला नेताहरूका कुनै कुरा पनि खोज्ने, खोतल्ने चियोचासो गर्ने चलन थिएन। पार्टीमा धेरै उच्च अनुशासन थियो।

आफ्नो कोठामा बस्ने क्रममा कन्दङ्वा र तुम्बाहाम्फेलाई चुँडालको व्यवहार अलि अस्वाभाविक लागेछ। धेरै छटपट गर्ने, के–के सोचेको जस्तो देखिने, कहिले राती त कहिले दिउँसो एक्लै बाहिर हराउने गर्ने रहेछन्। भगवतीबहालतिर धेरै जाने गर्दा रहेछन्। एक प्रकारले धेरै गम्भीर, बेचैन र उदासीन देखिन्थे। विद्यार्थीहरूलाई धेरै चिन्ता लागेर 'कमरेडलाई सञ्चो भएन कि' भनेर सोध्दा 'केही भएको छैन' भन्ने जवाफ दिँदा रहेछन्। तर उहाँहरूलाई पत्यार लागेनछ। गल्ती भएछ भने बरु सजाय सहन्छु, तर त्यो लेखेको कागज हेर्छु भनेर सिरानीको खोलमुनि लुकाएर राखेको लामो पत्र हेर्नुभएछ। पत्र 'पार्टीको गतिविधि र सुनसरी भेला'को विषयमा राजदरबारको कुनै निकायलाई लेखिएको थियो ! पढेपछि विद्यार्थीहरू छाँगाबाट खसेजस्तो हुनुभएछ। अब के गर्ने भनेर आफौभित्र लामो अन्तरद्वन्द्व चलेछ। पार्टीको हित सम्झेर त्यो पत्र पार्टीलाई बुझाउने निर्णय गर्नुभएछ।

पत्रमा भेलामा सहभागीमध्ये ३७ जनाको वास्तविक नाम र हुलिया रहेछ। बर्बरिक भनेको मदन भण्डारी र अमरसिंह भन्ने व्यक्ति को हो, कहाँको हो, पत्ता नलागेकाले हुलिया मात्र लेखिएको रहेछ। नचिनेकाहरूको सकेसम्म हुलिया र कार्यक्षेत्र, पार्टी नाम खुलाइएको रहेछ। लामो समय लगाएर निर्माण गरेको पार्टीको नेता/कार्यकर्ताको सम्पूर्ण विवरण खुलेपछि अब पार्टी खत्तम हुन्छ, पार्टीलाई जसरी पनि जोगाउनुपर्छ भन्ने लागेर हत्तपत्त पत्रको फोटोकपी गरेर मूलप्रति सिरानीमै राखिदिनुभएछ। चुँडालले केही थाहा पाएनन्।

भक्तले पार्टीको काठमाडौँको सम्पर्कमा पत्र पुऱ्याउनु भएछ। तत्काल पार्टीको हेडक्वार्टरबाट लेखिएको पत्र मोरङका कमरेड अमर श्रेष्ठको हातबाट विराटनगर कमरेड मदनलाई पठाइएछ। पत्र पाएपछि गम्भीर हुँदै कमरेड मदनले विभिन्न ठाउँमा पत्राचार गर्नुभयो। खुलेका सेल्टरहरूको प्रयोग बन्द गरियो। चिठीपत्र लगायत पार्टीका गोप्य

दस्तावेज रातारात अन्यत्र सुरक्षित राखियो। खुलेका सङ्गठकहरूको भूमिगत नाम र कार्यक्षेत्र तत्काल परिवर्तन गरी अन्यत्र व्यवस्थापन गरियो।

त्यसबेला म मेचीमा नै थिएँ। विराटनगरका जीवन घिमिरेमार्फत मदनले चुँडालको पत्रको सारसहित एउटा जरुरी पत्र मलाई झापा चारआलीमा धर्मकला पौडेलकोमा पठाउनुभयो। त्यहाँबाट मलाई दिन भनेर छोडेको पत्र कसैले लिएर गयो, उसले पत्रको फोटोकपी गरेर मेची अञ्चलाधीश कार्यालयमा बुझाएछ। पछि यी सबै कुरा पार्टीको गोप्य सूत्रबाट जानकारी भयो। मेचीमा पनि हामीले आवश्यक सतर्कता अपनायौँ। गुप्तचरले फैलाएका सञ्जाल देखेर हामी गम्भीर भयौँ। को गुप्तचरीमा छन् र छैनन् भन्ने शङ्काको वातावरण सबैतिर रह्यो। केही समय एक–अर्कामा नै शङ्का–उपशङ्का जस्तो देखियो।

गम्भीर स्थितिका कारण कमरेड मदनलाई आकस्मिक रूपमा पार्टीको हेडक्वार्टरसँगै काठमाडौँ सारियो। उहाँ भाग्नु हुँदैन, सामना गर्नुपर्छ भनेर मानिरहनु भएको थिएन। त्यसपछि ब्युरो प्रमुखको जिम्मेवारी मैले सम्हाल्न थालो। पार्टीले चुँडाल लगायत पतीत तत्त्वहरूलाई पार्टीबाट निष्कासन गर्‍यो। केही समयपछि मोरङ जिल्लाको सचिवमा गुरु बराल आउनुभयो। त्यसभन्दा अगाडि उहाँ मोरङको बेलबारीमा शिक्षक हुनुहुन्थ्यो। उहाँलाई तत्काल भूमिगत बनाइयो। गुप्तचर काण्डका कारण मेची–कोशीमा केही समय पार्टी काममा असजिलो स्थिति आयो। हाम्रो पार्टीको जीवनमा यो एउटा गम्भीर तथा डरलाग्दो घटना थियो। सबैको उच्च राजनीतिक सतर्कता र पहलकदमीका कारण सम्भावित भयानक दुर्घटनाबाट पार्टीलाई जोगाइयो। यस प्रकारको घुसपैठका बारेमा सचेत रहन देशैभरि जिम्मेवार कमरेडहरूलाई अत्यन्त गोप्य निर्देशन गरियो। ती विद्यार्थी साथीहरूको आँट र साहसलाई उच्च मूल्याङ्कन गर्नुपर्दछ। दुःखको कुरा, अहिले भक्त कन्दङ्वा हामीबीच हुनुहुन्न।

**अष्टलाई बोकेर सिकैजा**

मेचीको प्रमुख भएपछि मैले पटक–पटक ताप्लेजुङ जानु पर्‍यो। २०४३ सालमा ताप्लेजुङ सिकैजामा महिलाहरूको एउटा बृहत् भेला थियो। म, अष्टलक्ष्मी शाक्य र देवराज घिमिरे जाँदैथ्यौँ। बाटो धेरै अप्ठ्यारो थियो। अचानक अष्टको गोडा मर्कियो। हिड्न सक्नुभएन। देवराज र मैले पालैपालो बोकेर राती सिकैजा आश्रयमा पुर्‍यायौँ। आश्रयका आमा, भाइहरू ज्यादै राम्रो हुनुहुन्थ्यो। स्थानीय रूपमै उपचार गरेर निको पारियो।

म पार्टी कामकै दौरान नाङखोल्याङ, डुम्रिसे, थुम्बेदिन, चाक्सिबोटे, दोखु, चागे, सिकैजा, सिनाम, खेवाङ, आम्बेगुदिन, आठराईको इवा आदि धेरै ठाउँमा पुगेको छु। नाङखोल्याङका मिलन राई, डालकुमार गुरुङ, दोखुमा अमर गुरुङ, चाक्सिबोटेका काजिमान साङसोहाङ, चागेका डमरुबल्लभ अधिकारी, सिनामका कुलप्रसाद उप्रेती, हरि नेपाल, मेदिनी प्रसाईं, आठराईको इवाका सहिद रामनाथ दाहालको घरसमेत पुगेको छु। सिनाममा प्रशासनले दुःख दिएपछि उप्रेती कमरेडका आमाहरू त्यहाँ बस्नुहुन्थ्यो। त्यो घरमा हामीले जिल्ला कमिटीको बैठक समेत गरेका छौँ।

## सुन्तले टापु : सरकारको टाउको दुखाइ

स्यादुल गाउँ धादिङको दक्षिणी भेगमा पर्छ। २०४४ सालमा त्यस गाउँमा नेकपा (माले) को केन्द्रीय कमिटी बैठक भएको थियो। त्यतिखेर सुरेश कार्कीको नेतृत्वमा पाँच जनाको जिल्ला कमिटी थियो। त्यो भरपर्दो तथा पुरानो जनाधार भएको गाउँ थियो। २०४४ पुस ४–११ सम्म सात दिन बैठक भयो। झलनाथ खनाल महासचिव हुनुहुन्थ्यो। बैठक किसान धनप्रसाद थपलियाको घरको माथिल्लो तलामा बसेको थियो। खाने, बस्ने, ओढ्ने, ओछयाउने कामको व्यवस्थापन पार्टीको सामूहिक प्रयत्नमा भएको थियो।

किसान वीरेन्द्र पाण्डेको घर बैठकस्थलको नजिकै थियो। मान्छेहरू आउजाउको सङ्केतका लागि उहाँको आागनमा ठूलो स्वरमा रेडियो बजाइन्थ्यो। राजेन्द्र पाण्डे जनपक्षीय जिल्ला पञ्चायत सभापति हुनुहुन्थ्यो। सदरमुकाम लगायत सुरक्षाको जिम्मा उहाँकै थियो। मलेखु, चरौदीदेखि मुङ्लिनसम्म निगरानीका निम्ति साथीहरूलाई खटाइएको थियो। मुङ्लिनमा मीनराज कँडेल खट्नु भएको थियो।

मोदनाथ प्रश्रित, झलनाथ खनाल, जीवराज आश्रित, केपी ओली लगायत ५/६ जना मलेखुस्थित पुष्प कँडेलको घरबाट स्यादुल लग्नुभयो भने माधव नेपाल अर्को बाटो। आरके मैनाली, अर्का एक जना र म साँझपछि चरौदीको बगर हुँदै स्यादुल उकालो लाग्यौँ। केपी ओली र राधाकृष्ण मैनाली १४/१५ वर्षको जेल जीवनपछि पहिलो चोटि पार्टी बैठकमा जाँदै हुनुहुन्थ्यो। जीउ ठूलो भएकाले आरकेलाई उकालो धेरै गाह्रो भयो। पानीको प्यास पनि लाग्ने नै भयो। रात जुनेली थियो। हामीहरू उकालो चढ्दै जब गाउँघर प्रवेश गर्‍यौँ, चारैतिर पहोलपुर सुन्तला देखिन थाल्यो। जति माथि गयो, झन् धेरै सुन्तला देखियो। आरके कमरेडले मन थाम्न सक्नु भएन। मेरो नजिक आएर भन्नुभयो, 'हैन, किसानकै बारी हुन्। दुई/चार दाना टिपेर खाँदा कसले के भन्ला र ?' उहाँले सुन्तला खाने तीव्र इच्छा प्रकट गर्नुभयो। 'राती छ, हल्ला हुन्छ, नसोधी

खान हुँदैन। एकैछिनमा मुख्य ठाउँमा पुगिन्छ, धैर्य गरौँ'– मैले भनो। केही क्षणमा नै आश्रयस्थल पुगियो। राधाकृष्णको चाहना घरका कमरेडलाई सुनाइयो। राती सुन्तला खानु राम्रो हुन्न भन्ने चलन थियो। तर हामीले अघाउन्जेल सुन्तला खायौँ।

अर्को दिनबाट हाम्रो बैठक सुरु भयो। प्रत्येक दिनको खानापछि डालाडालामा सुन्तला आउाथे। खाजामा मकै, भट्टमास, गुन्द्रुकको अचार र मोही हुन्थ्यो। आठ/नौ दिनसम्म लगातार रसिलो सुन्तला खाएपछि हरेक कमरेडहरूका गाला सुन्तलाजस्तै रसिलो भएका थिए। धादिङ र विशेष गरी स्यादुलका साथीहरूको मिहिनेत र न्यानो मायाले हाम्रो बैठक सफल भयो। हामी आ–आफ्ना ठाउँमा फर्कियौँ।

स्यादुल बैठक सकिएको करिब दुई महिनापछि मोदनाथ प्रश्रितले काठमाडौँबाट प्रकाशित हुने छलफल साप्ताहिकमा 'सुन्तले टापु र पार्टीको बैठक' भन्ने शीर्षकमा एउटा आकर्षक लेख प्रकाशित गर्नुभयो। हाम्रो बैठक सम्पन्न भएपछि केही पत्रिकाले कुनै गाउँमा 'माले पार्टीको बैठक' भन्ने समाचार लेखेको थियो। त्यसपछि पञ्चायती निर्दलीय शासकहरूको कान ठाडा भएका थिए। त्यसपछि प्रश्रितको लेखले सरकारलाई सुन्तले टापु पत्ता लगाउन टाउको दुखाइको विषय बन्यो। प्रश्रित अलि भावुक स्वभावको मान्छे। उहाँको लेखमा टापुको सुन्दर भौगोलिक बनावट, सबैले बारीहरू मासेर बनाइएको सुन्तला बगैँचा, परिवर्तनप्रतिको किसान जनताको आस्था, एकता र दृढता एवं बैठक सम्पन्न गर्न त्यहाँका कार्यकर्ता र जनताले निर्वाह गरेको भूमिकाको वर्णन थियो।

प्रश्रितको लेखले प्रतिक्रियावादी सरकारलाई विश्लेषण गर्न केही थप सूचना मिले पनि तत्काल केही भेउ पाउन सकेनन्। हामीले प्रश्रितलाई त्यस्तो लेख नलेखेको भए हुन्थ्यो भनेर हल्का आलोचना गऱ्यौँ। उहाँले 'म साहित्यिक मान्छे, त्यहाँको सबै कुराबाट अति ज्यादा भावुक भएछु, मन मानेन, लेखिहालो' भन्नुभयो। लामो खोजीपछि पञ्चायतको अन्त्यतिर उनीहरूले सुन्तले टापु भनेको स्यादुल भन्ने पत्ता लाएछन्। साथीहरूलाई केरकार गर्ने र महत्त्वपूर्ण कुरा फुत्काउन प्रयत्न गरेछन्। तर केही पाउन सकेनन्। आखिर शासकहरू जिल खाए। केही समयपछि आन्दोलनले पञ्चायतलाई नै फ्याँकिदियो।

**झापा विस्तारित बैठक**

परिस्थिति जतिसुकै प्रतिकूल भए पनि हामी पार्टीका बैठक, भेला र अधिवेशनहरू किसान जनसमुदायकै माझमा गर्दथ्यौँ। यो हाम्रो क्रान्तिकारी परम्परा थियो। २०४४

फागुन २–३ गते झापाको तोपगाछीस्थित कमरेड रुद्र चापागाईंको घरमा पार्टीको केन्द्रीय कमिटीको सङ्क्षिप्त बैठक भयो। चापागाईंको घर पार्टीको पुरानो आश्रय हो। उहाँको सम्पूर्ण परिवार पार्टीको सचेत र सहयोगी परिवार थियो। बैठकले विस्तारित बैठकको कार्यसूची तथा बैठक सञ्चालनका कार्यविधिहरू समेत पारित गरेको थियो।

लामो तयारीपछि नेकपा (माले) झापा जिल्ला कमिटीको व्यवस्थापन र मेची अञ्चल कमिटीको निर्णयमा झापा धरमपुरस्थित कमरेड देवी रेग्मीको घरमा फागुन ४–७ मा पार्टीको अत्यन्त महत्त्वपूर्ण विस्तारित बैठक आयोजना भयो। झापा दमनपछि नेकपा (माले) कालमा झापामा भएको यो बैठक सबैभन्दा पहिलो ठूलो र ऐतिहासिक थियो। बैठकको तयारीदेखि समापनसम्म झापाभरका धेरै कमरेडहरूको संलग्नता थियो। महिलाहरूको सक्रियता उत्साहवर्द्धक थियो।

भूमिगतकाल र दमनको समय भएकाले जहाँसुकै यस्ता कार्यक्रम आयोजना हुन सक्तैनथ्यो। त्यसबेला पार्टीको राम्रो राजनीतिक र सङ्गठनात्मक काम भएका क्षेत्रहरूमा मेची, बागमती, गण्डकी र लुम्बिनी थिए। दह्रो जनाधारबिना सितिमिति यति ठूलो कार्यक्रम जतासुकै गर्न सम्भव थिएन। ५/६ महिनाअगाडि काठमाडौँमा भएको बैठकमा भेलाको स्थानबारे छलफल हुँदा मैले नै झापामा विस्तारित बैठक गर्न सकिने प्रस्ताव गरेको थिएँ। त्यतिखेर म मेची अञ्चल कमिटी प्रमुख थिएँ।

पार्टीमा विश्व कम्युनिस्ट आन्दोलनलाई हेर्ने दृष्टिकोणमा समस्या थिए। हामीमा केही उग्रवामपन्थी सङ्कीर्णता थिए। तत्कालीन सोभियत सङ्घ लगायत केहीलाई नेकपा (माले) समाजवादी देश मान्दैनथ्यो। झापा राष्ट्रिय कार्यकर्ता भेलाबाट सोभियत सङ्घ लगायत पूर्वी युरोपका अन्य मुलुकलाई समेत समाजवादी देश मान्ने फैसला गर्‍यो। यो हाम्रो पार्टीमा रहेको कमजोरीलाई सच्याउने महत्त्वपूर्ण निर्णय थियो। राष्ट्रिय महत्त्वको बैठक आयोजना गर्ने जिम्मेवारी पाएकामा यहाँका कमरेडहरूले धेरै गर्वानुभूति गरे।

पार्टीको मेची अञ्चल र झापा जिल्ला कमिटी आर्थिक रूपमा केही सम्पन्न नै थियो। त्यसैले राष्ट्रिय भेलाका सम्पूर्ण खर्च हामीले नै ब्यहोर्‍यौँ। भेलामा देशैभरिको प्रतिनिधित्व थियो। विभिन्न दुःखकष्ट झेलेर आउनु भएका कमरेडहरूलाई सकेसम्म फरक–फरक स्वादको खाना, खाजा खुवाउने हाम्रो निर्णय थियो। एकदिन हामीले प्रतिनिधिहरूलाई स्थानीय स्वादका खाजा दिने सल्लाह गर्‍यौँ। त्यो दिन हामीले गोलभेंडाको पिरो अचारसँग चामलको पिठोबाट बाफमा पकाइने 'भक्का रोटी' खुवाइयो। यो पूर्वका राजवंशी र धिमाल समुदायबीच असाध्यै लोकप्रिय रैथाने खाना

हो। सबैका निम्ति यो स्वादिष्ट रह्यो। त्यसैगरी अर्को दिन पूर्वमै पाइने 'सिमल तरुल' उसिनेर खुवाइयो। अहिले सर्वत्र पाइए पनि त्यसबेला यो तरुल सबैका निम्ति नौलो थियो।

सिमल तरुलको विषयमा मसँग एउटा ऐतिहासिक सन्दर्भ पनि जोडिएको छ। भूमिगतकालमा कमरेड पुष्पलाललाई भेट्न हामी दरभङ्गा गएका थियौँ। पुष्पलाल त्यहाँ आउँदा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का डाक्टर क. भीएन सिंहको घरमा बस्नु हुँदोरहेछ। डाक्टरकी श्रीमतीको माइती मद्रास रहेछ। एकदिन डाक्टरकी श्रीमतीले 'नेपालमे मिलता नहीं, माइती से लाया हुँ, आपके लिए नवीन चिज है, चाख लिजिए' भनेर त्यो तरुल खान दिनुभयो। हामीले धेरै मिठो मानेर खायौँ। नाम त के भनिएको थियो, याद भएन। भारतको आसाम, मद्रासमा धेरै खेती हुने रहेछ। म पूर्व गएपछि हाटबजारमा फाट्टफुट्ट सिमल तरुल देखेको थिएँ। त्यसैले विस्तारित बैठकका सबै कमरेडहरूलाई यही खुवाइयो। सबैले पछिसम्म पनि यसको सम्झना गरिरहनुभयो। आश्रयदाताहरूले न्यानो सहयोग र भात–भान्छाका सिर्जनात्मक पारखका कारण हामीले भेलामा नयाँ–नयाँ खाना र खाजा पस्केका थियौँ।

मेचीमा सात वर्ष बस्ने क्रममा मैले झापामा लामै समय बिताएँ। शत्रुको कडा निगरानी रहने हुँदा जतासुकै आश्रय प्रयोग गर्न सकिदैनथ्यो। तर जति आश्रयहरू थिए, ती राजनीतिक रूपमा परिपक्व थिए। परिवार पूरै सचेत हुन्थे।

झापा धाइजनको विष्णु प्रसाईं, लता प्रसाईंको घर कमरेड बस्ने आश्रय मात्र थिएन, हाम्री छोरी आस्थालाई केही वर्ष उहाँहरूकै रेखदेखमा राखिएको थियो। त्यसरी नै गौरादहका छविलाल श्रेष्ठ, चन्द्रकुमारी श्रेष्ठ हाम्रा छोरा विश्वासका आमाबुबाजस्तै हुनुहुन्थ्यो। उहाँहरूले हाम्रा नानीहरूलाई आफ्नै छोराछोरी सरह माया, ममता दिनुभएको थियो। बहुदलीय व्यवस्थाको स्थापनापछि हामी दुवै खुला जीवनमा प्रवेश गरेपछि मात्र छोराछोरीलाई आफ्ना साथमा राख्न थालेका हौँ। यसअघि छोरी आस्थालाई सुनकोशी विजय सुब्बा, सत्यनारायण फैजु, चुनु महत र अर्जुनधारा झुमा देवानको घरमा पनि राखिएको थियो। सुरक्षा लगायत अन्य समस्याका कारण उनीलाई सार्नु परेको हो। उहाँहरू सबैको सहयोगलाई हामी कहिल्यै बिर्सन सक्तैनौँ।

झापामा हाम्रो अल्पकालीन र दीर्घकालीन महत्त्व राख्ने विभिन्न आश्रय थिए। जसले जस्तोसुकै अप्ठ्याराहरू सामना गर्नुपरे पनि पार्टीलाई सहयोग पुऱ्याए। प्रतिकूल समयमा सहयोग गर्ने धेरै कमरेडहरूको नाम र योगदानको उल्लेख यहाँ गर्न सकिएन।

यसमा मलाई दुःख लाग्छ। स्थानीय पार्टीले इतिहासकालका यस्ता सबै कुराको उचित अभिलेख राख्नु पर्दछ।

**चौथो महाधिवेशन पनि जनताकै घरमा**

पञ्चायतीकालमा दुई/चार जना पनि जम्मा हुन गाह्रो हुने समयमा महाधिवेशन गर्ने कुरा कम जोखिमयुक्त थिएन। तर जनताको साथ सहयोगमा हामीले त्यो काम पनि सम्पन्न गऱ्यौँ। नेकपा (माले) को चौथो महाधिवेशन सिरहाको एउटा उत्तरी गाउँ विष्णुपुरको सर्रे अम्बास भन्ने ठाउँमा अत्यन्त गोप्य रूपमा २०४६ भदौ ९–१४ मा सम्पन्न भयो। हामीले त्यहाँ सात दिन बितायौँ। त्यो घर कमरेड बलबहादुर सुनुवारको थियो। उहाँका भाइ हीराबहादुर सुनुवार पार्टीकै सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो। उहाँको सम्पूर्ण परिवार नै असल थियो।

यसभन्दा अगाडि पनि सिरहाकै अर्को गाउँ कालापानीमा केन्द्रीय कमिटीको अत्यन्त छोटो बैठक भएको थियो। त्यो महाधिवेशन गर्ने तयारी बैठक थियो। तर, पार्टी हेडक्वार्टरलाई लेखेको एउटा पत्र एक जना कमरेडले लाँदालाँदै काठमाडौँमा बाटैमा हराएकाले सुरक्षाका कारण त्यो महाधिवेशन सार्नुपरेको थियो। त्यो बैठक चौधरी महतोको घरमा भएको हो।

सर्रे अम्बासस्थित बलबहादुर सुनुवारको घर जङ्गलले घेरिएको सुरक्षित ठाउँ थियो। वरपरका गाउँलेहरू मित्रवत् थिए। उहाँको घर काठले बारेको एकतले मात्र भएकाले प्रतिनिधिहरू बस्न र महाधिवेशन सञ्चालन गर्न केही प्रतिकूल थियो। त्यसैले बैठक बस्न मिल्ने गरी लामो समय लगाएर त्यसलाई विस्तार गरिएको थियो।

त्यसबेला सिरहा जिल्लाको पार्टी सचिव सत्यनारायण मण्डल हुनुहुन्थ्यो। उहाँको नेतृत्वमा अशोक राई, सुरेश कार्की, नरेन्द्र पोखरेल, हीरा सुनुवार, रामईश्वर साह, शिवदयाल विश्वकर्मा, चौधरी महतो लगायत छानिएका अगुवा कार्यकर्ताहरू घर निर्माणमा जुटेका थिए। विश्वकर्मा त सिकर्मी नै हुनुहुन्थ्यो। अत्यन्त सतर्कताका साथ गर्नुपर्ने काम भएकाले सबै समर्थकलाई त्यसमा सामेल गराइएको थिएन। कमरेड मदन भण्डारी, ईश्वर पोखरेल र म तयारीसम्बन्धी सम्पूर्ण कामको रेखदेख निम्ति खटिएका थियौँ। महाधिवेशनलाई चाहिने खाद्य सामग्री लगायत सबै कुरा रातीमा जम्मा गरिएको थियो।

अत्यन्त सतर्कताका साथ, ससाना समूह गरेर प्रतिनिधिहरू ८ गते राती नै सर्रेमा पुगेका थिए। महाधिवेशनमा देशभरिबाट करिब एक सय जना नेतृत्वदायी कमरेडहरू

सहभागी थिए। महाधिवेशनले राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव, पार्टी विधान लगायत महत्त्वपूर्ण दस्तावेजहरू पारित गर्नुका साथै २० जनाको केन्द्रीय कमिटीसमेत निर्वाचित गऱ्यो । त्यही केन्द्रीय कमिटीको बैठकले कमरेड मदन भण्डारीलाई महासचिव चयन गरेको थियो । त्यस महाधिवेशनको महत्त्वपूर्ण विशेषता भनेको हामीले भन्दै आएको पार्टीको नयाँ जनवादी कार्यक्रममा 'बहुदलीय प्रतिस्पर्धा'को कुरा थप गऱ्यो, जुन ऐतिहासिक काम थियो । पछि पार्टीको पाँचौँ राष्ट्रिय महाधिवेशनले पारित गरेको जनताको बहुदलीय जनवाद त्यसैको विकसित रूप हो । त्यही बैठकले निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्थाको निम्ति नेपाली काङ्ग्रेसलाई पनि साथ लिएर आन्दोलनमा जाने प्रस्ताव पारित गरेको थियो ।

हाम्रो पार्टीको इतिहासमा चौथो महाधिवेशन सबैभन्दा ठूलो कार्यक्रम थियो । यो भूमिगत कालमा जनताको घरमा जनताकै साथ र सहयोगमा भएको एउटा ऐतिहासिक कार्यक्रम थियो । आश्रयदाता कमरेडहरूले पार्टीका निम्ति त्याग गर्ने आँट गर्नुभयो । यदि बलबहादुर सुनुवार र उहाँको परिवारले पार्टीका निम्ति त्यो हिम्मत नगरेको भए हाम्रो महाधिवेशन सम्पन्न हुने नै थिएन । आज नेकपा (एमाले) जुन हैसियतका साथ नेपाली राजनीतिमा गौरवका साथ खडा भएको छ, त्यो सबै तिनै हाम्रा क्रान्तिकारी किसान कमरेडहरूको पार्टीप्रतिको त्याग, समर्पण र उच्च भावनाको प्रतिफल हो । यसका निम्ति बलबहादुर लगायत सर्रे अम्बास र सम्पूर्ण सिरहाका कमरेडहरूलाई हामीले सधौ शिर झुकाएर लाल अभिवादन गर्नुपर्छ ।

**अन्त्यमा**

मैले १७ वर्ष पूर्ण र चार वर्ष अर्ध–भूमिगत जीवन बिताएँ। यो २१ वर्षीय राजनीतिक यात्रा पार्टी र क्रान्तिकै आवश्यकताका लागि थियो । लामो भूमिगत यात्रामा देशका विभिन्न भागमा अनगिन्ती कमरेडहरूसँग सर–सङ्गत भयो । राम्रा, उत्प्रेरणादायी आदर्शका धेरै कुरा सिक्ने अवसर मिल्यो। काम गर्ने क्रममा कतिपय ठाउँमा रुखो र तिरस्कारपूर्ण व्यवहारहरू पनि भए। तर ती कुराहरूलाई हामी राजनीतिकर्मीहरूले सम्झिरहने कुरा भएन। जनता र आश्रयदाताको योगदान नै सधौभरि सम्झिरहने प्रेरणादायी विषय भएका छन् ।

भूमिगत बस्ने क्रममा हामीले क्रान्ति र परिवर्तनका राजनीतिक कुरा मात्र गरेनौँ, कसरी घर–परिवारबीच समझदारी बढाउने, कसरी मिलेर एक–अर्कालाई घरायसी काममा सघाउने, कसरी मूल राजनीतिक उद्देश्यका निम्ति घरछिमेकका झिनामसिना अन्तरविरोधबाट मुक्त हुँदै मित्रवत् सम्बन्ध विकास गर्ने र सरसफाइ, स्वास्थ्य र

सार्वजनिक सम्पत्तिहरूको संरक्षण गर्ने कुरामा समेत प्रशिक्षित गऱ्यौँ। त्यति मात्र होइन, हामीले आश्रयमा बस्ने क्रममा अक्षरहरू सिकाउँथ्यौँ। एउटा मार्क्सवादी क्रान्तिकारी भएको नाताले किन वृद्ध–वृद्धाहरूको, साना नानीहरूको र महिलाहरूको सम्मान, माया र हेरविचार गर्नुपर्छ भन्ने कुराहरू मार्क्सवादी शैलीमा राख्ने गर्थ्यौं। भूमिगत अवस्थालाई ख्याल राख्दै शारीरिक श्रममा समेत सहभागी बन्थ्यौँ। त्यसैले गर्दा जनसमुदाय पार्टीका वरिपरि गोलबन्द हुन्थ्यो। त्यही नै पार्टीको बलियो जनाधार बन्दथ्यो।

मलाई राम्ररी सम्झना छ, सुरुका वर्षहरूमा पार्टी कमजोर थियो। भरपर्दा आश्रयहरू धेरै थिएनन्। सरकारको दमन र धरपकडले सबैलाई आतङ्कित बनाउँथ्यो। हामीलाई काम गर्न धेरै गाह्रो हुने गर्दथ्यो। हातमा पैसा पनि हुँदैनथ्यो। प्रायःजसो त्यस्तो बेला म भोकभोकै रहने गर्दथो। तर, यी कुराहरू अरुलाई भन्दैनथो। किनभने सङ्घर्षले भरिएको कठिनाइको यो बाटो हामीले नै रोजेका थियौँ।

घर छोडेको पहिलो वर्ष मलाई दसौ र तिहारको ज्यादै सम्झना भयो। त्यो अरुलाई पनि भए होला। दमनका कारण आफ्ना घर तथा आफन्तकोमा जाने स्थिति थिएन। घरपरिवार सबै प्रहरी निगरानीमा थिए। यतिसम्म कि मेरा केही आफन्त नवलपरासीको नवलपुरमा हुनुहुन्थ्यो। त्यसबेला अहिलेको जस्तो यातायातको सुविधा थिएन। त्यहाँसम्म पनि प्रहरीले आफन्तको घर पटक–पटक तलासी गर्न पुगे। नवलपुरका लेखबहादुर अधिकारी र उहाँकी श्रीमती मेरा आफन्त हुनुहुन्थ्यो। आर्थिक रूपमा जमिनदार वर्गीय परिवारको भए पनि अप्ठ्यारोमा त्यहाँ पुग्दा हामीलाई लुकाउने र खुवाउने गर्नु हुन्थ्यो। उहाँको त्यो घरमा म मात्र होइन, मदन भण्डारी, झलनाथ खनाल, माधव नेपाल र जीवराज आश्रितसमेत पुग्नुभएको छ। चाडपर्वका बेला भूमिगत कार्यकर्ताहरू आफन्तकोमा जान्छन् भन्ने सरकारले अनुमान गर्दोरहेछ।

चाडपर्वका बेला सबैतिर सुनसान हुन्थ्यो। सबै आफ्नै ढङ्गले पर्वहरूमा रमाइरहेको देखिन्थ्यो। त्यतिखेर म काठमाडौँमा थिएँ। चाडपर्वमा काठमाडौँ कस्तो हुन्छ भन्ने हामी सबैलाई थाहा छ। त्यस्तो बेला अन्यत्र जाने कुरा पनि भएन। म केही उपलब्ध मार्क्सवादी पुस्तकहरू पढेर प्रेमबहादुर सिंह (प्यूठान) र प्रेमनाथ भुसाल (गुल्मी) का कोठामा सीमित रहन्थो। चाडपर्वका बेला एक्लै बस्दाको नरमाइलोपनलाई बुझेरै होला, सुरु वर्षको दसौमा काठमाडौँ नरदेवी टेङ्गलका विष्णु चित्रकारले दसौ भोजमा आमन्त्रण गर्नुभयो। उहाँले मलाई दसौभरि बोलाउनु भएको थियो। तर अप्ठ्यारो लागेर म गइनँ। जे भए पनि सुरु वर्षका चाडपर्वको नियास्रोपन मेटाउन उहाँले राम्रो सहयोग गर्नुभयो। म त्यसैमा खुसी भएँ। उहाँहरूको पारिवारिक भोजमा सहभागी हुँदा आफ्नै

घरपरिवार, आफन्तसँग बसेको जस्तो अनुभूति भयो। भोज अत्यन्त मिठो, नेवारी परिकारका थिए।

भूमिगतकाल एउटा अनिश्चितताले भरिएको कठिन काल थियो। त्यो सङ्गठक र आश्रयदाता दुवैमा लागू हुन्थ्यो। परिवर्तन र क्रान्तिको तयारी गर्ने कुरा कल्पना गरेजस्तो र किताबका कथाजस्तो पक्कै थिएन। यसमा धेरै ठूलो त्याग, लगनशीलता, दुःख सहने दृढता र सङ्घर्ष गर्ने आँट चाहिन्थ्यो। जनतामा विश्वास गरेर, जनताकै भरोसामा बाँच्नुपर्ने जीवन पद्धति कठिनाइयुक्त हुनु स्वाभाविक थियो। कतिखेर कहाँ के आइपर्छ, कुनै ठेगान थिएन। यस प्रकारका मार्मिक कथाहरू धेरै छन्। यसको सूक्ष्म खोजी अझै हुनुपर्दछ। हामीले बुझ्नु पर्दछ, इतिहास नभई वर्तमान हुँदैन। यसको अभावमा भविष्यको गन्तव्य पनि धमिलो बन्छ।

नेकपा (एमाले) सङ्घर्षको लामो इतिहास बोकेको एउटा क्रान्तिकारी पार्टी हो। यसको इतिहास रक्तरञ्जित र गौरवशाली छ। धेरै नेता/कार्यकर्ताहरू तथा क्रान्तिकारी जनताले यसमा त्याग, बलिदान, जेलनेल र अकल्पनीय यातना भोगेका छन्। यी सबैको समष्टि नै आजको पार्टीको उचाइ हो। इतिहासका दौरान अनेकौँ गल्ती–कमजोरी भए होलान्। तर मार्क्सवादी सामूहिक प्रणाली र कम्युनिस्ट आदर्शबाट अघि बढेको पार्टी भनेकै नेकपा (एमाले) हो। यद्यपि, सच्चा कम्युनिस्ट क्रान्तिकारीमा रूपान्तरण गर्न हामीले अझै धेरै सङ्घर्ष गर्न बाँकी छ। समाजवादी आचरण र पद्धतिप्रति प्रतिबद्ध नबनी समाजवाद आउँदैन। हामीले भनेको समाजवाद आमश्रमजीवी जनता र राष्ट्रको समृद्धिको वैज्ञानिक समाजवाद हो। कठोर सङ्घर्षबिना यो कल्पना र आग्रहबाट प्राप्त हुँदैन। यसका निम्ति बलियो जनाधारसहितको वैचारिक सिद्धान्तमा आधारित पार्टीको आवश्यकता पर्छ। त्यसैले लक्ष्य प्राप्तिको यही बाटोमा दृढतापूर्वक एकजुट भएर लागौँ। ●